# जिल्ला विकास समिति काठमाण्डौले आर्थिक वर्ष २०६९/७० मा गरेको कामहरुको सामाजिक परीक्षणको प्रतिवेदन

**पेस भएको**

## जिल्ला विकास समितिको कार्यालय

***ववरमहल, काठमाण्डौ ।***

**पेस गर्नेः**


# नेपाल वातावरण संरक्षण केन्द्र

***मध्य वानेश्वर, काठमाण्डौ***

***फोनः ४४३५३१२, फ्याक्सः ४४३५३१२***

***ईमेल : nepckathmandu@gmail.com***

***Website: www.nepcnepal.org***

**अध्ययन टोलिः**

श्री सुवास चन्द्र ढकालः टोलि नेता
श्री ईश्वरी न्यौपानेः सहायक

# विषय सूची

**विषय** **पेज**


अध्ययन टोलि: ........ 1
विषय सूची........ 2
सारांस ........ 3
अध्ययाय: १ भुमीका ........ 9
१.१ परिचय : काठमाण्डौ जिल्ला र जिल्ला विकास समिति काठमाण्डौ........ 9
१.२. सामाजिक परिक्षणको औचित्य........ 9
१.३. सामाजिक परिक्षणको उदेश्य........ 10
१.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र........ 10
अध्ययाय: २ अध्ययन विधि र प्रकृया ........ 11
२.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा ........ 11
२.२ जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल........ 11
२.३ अन्तवार्ताको लागी प्रश्नावलीको तयारी ........ 11
२.४ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल ........ 11
२.५ प्रतिवेदन प्रस्तुति तथा छलफल ........ 12
२.६ प्रारम्भिक प्रतिवेदन तयारी........ 13
२.७ अध्ययनको समय रेखा ........ 13
अध्ययाय ३ अध्ययनको परिणाम र विश्लेषण ........ 14
३.१ महिला, बालबालिका तथा समावेशी क्षेत्र ........ 14
३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र........ 17
३.२.१ गरिवीको अवश्था ........ 17
३.२.२ सामाजिक परिचालन र जनचेतना........ 18
३.२.३ सामाजिक विकृति निर्मुल ........ 20
३.२.४ सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) को यथोचित सम्वोधन........ 21
३.२.५ बाल श्रमको अवस्था........ 21
३.२.६ गरिवी निवारणका प्रयासहरू ........ 22
३.३ विकासमा समान सहभागीताको क्षेत्र........ 28
३.४ सेवा सुविधामा पहुंचको क्षेत्र ........ 29
३.४.१ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवामा पहुंच ........ 29
३.४.२ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवाको उपलब्धता........ 30
३.४.३ शिक्षा सेवाको वितरण र यसको पहुंच ........ 31
३.४.४ कृषि सेवा संस्थाहरुको वितरण सेवामा पहुंच........ 32
३.४.५ पशु सेवा संस्थाहरुको विरतरण र सेवामा पहुंच ........ 33
३.५ जिल्लामा विकाको लागी देखा परेका समश्याहरु र समाधानका उपायहरु........ 34
३.५.१ जिल्ला विकास कार्यक्रमका सवल, कमजोर पक्ष, अवसर र चुनौतीहरु........ 34
३.५.२ जिल्ला विकास समितिको मुख्य समश्याहरु र सामधानको प्रयासहरु ........ 34
३.५.३ जिल्ला विकास समितिवाट सेवा प्रवाहलाई प्रभावकारी वनाउन चालिएका कदमहरुः........ 35
३.७ जिल्ला विकासका कार्यक्रमहरुवाट सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव........ 36
अध्ययाय ४ निश्कर्ष र सुझाव ........ 39
४.१ निश्कर्ष ........ 39
४.२ सुझावहरु........ 40
अनुसुचीहरु........ 41
अनुसुचीः १ सुचना संकलनको लागी तयार गरिएको प्रश्नावली ........ 41

## सारांस

स्थानीय शासन ऐन २०५५ र नियमावली २०५६ मा आधारित भई संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट तयार गरिएको सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेख भए वमोजिमको प्रकृया अवलम्वन गरि यो प्रतिवेदन तयार भएको छ । यस प्रतिवेदनमा ४ अध्ययायहरु रहेकाछन् । अध्ययाय १ मा भुमीका, परिचय, उदेश्य, अध्ययन क्षेत्रको वारेमा उल्लेख गरिएको छ भने अध्ययाय २ मा अध्ययन विधि र प्रकृया, अध्ययाय ३ मा अध्ययनको परिणमा र विश्लेषण र अध्ययाय ४ मा निष्कर्ष र सुझावहरु समावेस गरिएका छन् ।

मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत रहेको यो जिल्ला नेपालको राजधानी हो जहां १ महानगरपालिका, १ नगरपालिका र ५७ गाविस छन । निर्वाचन क्षेत्र १०, ईलाकाको संख्या १५ भएको यो जिल्ला क्षेत्रफको दृष्टिले ७३ रौ जनसंख्याको दृष्टिले सवै भन्दा ठूलो जिल्ला हो । यस जिल्लामा जम्मा घरधुरी संख्या ४३६३४४, कुल जनसंख्या १७४४२४० रहेकोमा ८३१२३९ महिला र ९१३००१ पुरुष रहेकाछन् । साक्षरता प्रतिसत ८६.३, औषत परिवार संख्या ४, जनसंख्या वृद्धिदर ४.९ र जनघनत्व ४४१६ प्रति वर्ग किलोमिटर रहेकोछ ।

नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६८।१।१२ को निर्णयानुसार स्वीकृत स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७ मा उल्लेख भए वमोजिम स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई ब्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ तर्जुमा गरि कार्यान्वयन भई आएको छ । यहि व्यवस्थालाई आधार मानि जिल्ला विकास समितिले आव २०६९/७० मा गरेका कामहरुको सामाजिक परिक्षण गरिएको छ ।

यस सामाजिक परिक्षणको उदेश्यहरुमा (क) काठमाण्डौ जिविसले गत आवमा गरेका कामहरु कत्तिको पारदर्शि ढंगले सञ्चालन भए त्यसको लेखाजोखा गर्ने, (ख) काठमाण्डौ जिविसले गत आवमा के के काम गर्‍यो र त्यसवाट सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पार्‍यो त्यसको अध्ययन गर्ने, (ग) सामाजिक परिक्षण कार्यक्रमले जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले कसरी अभ्यास गरेकाछन भन्ने कुराको लेखाजोखा गर्ने र (घ) अध्ययनको आधारमा आगामी दिनहरुमा कसरी कामलाई अगाडी वढाउनु पर्छ भन्ने सिफारिस गर्ने रहेका थिए ।

यस अध्ययनको लागी ४ विषयगत क्षेत्र (क) महिला, बालबालिका तथा समावेशी, (ख) जनचेतना तथा गरिवी निवारण र (ग) विकासमा समान सहभागीताको क्षेत्र र (घ) सेवाहरुमा पहुंचको क्षेत्र तोकिएको थियो ।

अध्ययन कार्यलाई व्यवस्थित गर्न र सुचना/तथ्याङ्क संकलन गर्नको लागी सन्दर्भ सामग्रीहरु स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि,

कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गरिएको थियो । यसै गरि जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल गरि अध्ययनको वारेमा थप जानकारी लिएको थियो । उपलब्ध गराईको कार्य निर्देश शर्तको आधार, सन्दर्भ सामग्रीहरुको अध्ययन तथा जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरुको छलफलको आधारमा विभिन्न सरोकारवालाहरुको लागी भिन्न भिन्न प्रश्नावली तयार गरिएको थियो । प्रश्नावली जिल्ला विकास समितिका सम्वन्धित अधिकारीहरुको प्रत्यक्ष समन्वयमा तयार गरि स्वीकृत गरिएको थियो ।

स्वीकृत भएको प्रश्नावली प्रयोग गरी काठमाण्डौ जिल्ला विकास समिति र विषयगत कार्यालयहरू लगायत सम्वन्धित गैर सरकारी संस्थाहरुका सम्वन्धित अधिकारीहरु संग अन्तवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल समेत गरिएको थियो । यसका सन्दर्भमा सामाजिक परिक्षण कार्यविधिको अनुसूची २ र ३ लाई आधार मानिएको थियो । अध्ययनको क्रममा सामाजिक परिक्षकले यस अध्ययनको क्रममा स्थापित आचार संहिता पालना गरि काम सम्पन्न गरेको थियो ।

तयार गरिएको प्रतिवेदन जिल्ला विकास समिति संग समन्वय गरि सार्वजनिक गर्न काठमाण्डौ जिल्ला विकास समितिको कार्यालय ववरमहलमा मिति २०७० कार्तिक २१ गतेका दिन ११ वजेको समय तोकि कार्यक्रम सञ्चालन भएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुन स्थानीय निकायका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक, समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरिक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू, पत्रकार आदि) सँग अन्तरक्रियाका लागि समावेस गरिएको थियो । उक्त प्रतिवेदन उपर सरोकारवालाहरुको प्रतिकृया र सुझाव संकलन गरिएको थियो । ती प्रतिकृया र सुझावहरुलाई समावेस गरि अन्तिम प्रतिवेदन तयार गरि जिविस काठमाण्डौमा पेस गरिएको थियो । यो अध्ययन मिति २०७० भाद्र २६ देखि शुरु भई २०७० कार्तिक मसान्तमा सम्पन्न भएको थियो । अध्ययनको परिणाम निम्न अनुसार व्याख्या गरिएको छ ।

### १) महिला, बालबालिका तथा समावेशी क्षेत्र ।

कुल घरधुरी संख्याको ९४.१ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरि स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९०.९ प्रतिसत थियो । एक बर्ष मुनीका बालबालिकाको आधारमा खोपमा पहुच १०० प्रतिसत भएको पाईयो जुन गत आवमा १०२ प्रतिसत थियो । ४ पटक गर्ववती जाच गरिएको महिलाको प्रतिसत गत आवमा २०६९/७० ५६.३३ प्रतिसत भएको पाईयो जुन आव २०६८/६९ मा ५१.२ प्रतिसत थियो । दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको प्रतिसत गत आवको ८०.१ प्रतिसत बाट वढेर ८२.५ पुगेको छ भने सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको प्रतिसत गत आवमा ५०.७

भएकोमा यो बढेर ६३.३ भएकोछ । यो तहको प्रगति हुनुमा खास गरेर जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्यकर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको सहभागित रहेको पाईयो ।

पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर आव २०६८/६९ मा ४८.३ प्रतिसत भएकोमा यस आव २०६९/७० मा ४९.७ प्रतिसत भएको छ भने कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९५.९ प्रतिसत वाट बढेर ९७.२ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउनेहरुको प्रतिसत ६.३ कायम राख्न सफल भएको छ भने कक्षा उत्तिर्ण हुने दर ८७.३ प्रतिसतवाट वढेर ८९.९ प्रतिसत पुगेकोछ । प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिसत ९५.२ प्रतिसत र प्रति कक्षा कोठा विद्यार्थी संख्या २९.०८ वाट घटेर २७.०६ मा झरेको छ । राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, खानेपानी तथा चपीको सुविधा विस्तार, अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, थप कोठा निर्माण , सरकारी निकाय, स्थानीय निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्यका कारण यो प्रगति भएको देखिन्छ ।

आव २०६८/६९ मा ८१.१ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा गत आव २०६९/७० मा यो वढेर ८६.१६ प्रतिसत पुगेकोछ । सौचालय भएको परिवारको प्रतिशत ९१.१ वाट वढेर ९४.७ प्रतिसत पुगेको थियो भने खानेपानी र चर्पीको सुविधा भएको प्राथमिक विद्यालयहरुको ८९ प्रतिसत भएको पाईयो । यस्तो विकास हुनुमा सरकारी, गैर सरकारी तथा स्थानीय निकायहरु वीचको समन्वय, सहकार्य, आम नागरिकहरुको सम्लग्नता सुनिश्चत गरि खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत आदी भएको पाईयो ।

## २) जनचेतना तथा गरिवी निवारण क्षेत्र

जिल्लाका सवै गाविसहरुमा सामाजिक परिचालन कार्य सञ्चालनमा आएको पाईयो । यसका लागी कुल ५१३ वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएका थिए । वडा नागरिक मञ्चमा कुल ११२८६ सदश्य भएको र जस मध्ये ५८.० प्रतिसत पुरुष र ४२.० प्रतिसत महिला भएको पाईयो । यसै गरि स्थापना भएका ५७ नागरिक सचेतना केन्द्रमा कुल १४२५ नागरिक सदश्य भएकोमा ७१.१ प्रतिसत महिला र २९.९ प्रतिसत पुरुष भएको पाईयो । यसरि हेर्दा वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रमा महिलाको उपस्थिति राम्रै देखिन्छ । साथै वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रलाई प्रभावकारी वनाउन थप श्रोत उपलब्ध हुन सके चेतना र विकास लाई संग संगै लैजान सकिने देखिन्छ ।

समाजमा रहेको सामाजिक विकृति हटाउन जिल्लामा जिल्ला विकास समितिको अगुवाईमा विभिन्न निकायको प्रयास गरेको पाईयो । यसका लागी विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै दिवसहरु मनाउने महिला दिवस, वाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदी मनाएको पाईयो ।

यस जिल्लामा कुल ११४७० बाल श्रमीक रहेका छन जुन गत आव २०६८/६९ मा १४२२० थियो जसमा वालक ५७.० प्रतिसत र बालिका ४३.० प्रतिसत भएको पाईयो । समुह छलफलमा आएको निचोड अनुसार घरेलु श्रमकिमा वढी बालिका र उद्योगमा बढी बालक भएको पाईयो ।

## गरिवी निवारणको प्रयासहरु

जिल्ला विकास समिति तथा गाउं विकास समितहरुले पुर्वाधार विकास गरि आम नागरिकहरुलाई सेवा तथा वस्तुको पहुंच वढाउन सहयोग गरेको पाईयो । खास गरेर सडक निर्माण तथा मर्मत, खानेपानी, सिंचाई, विद्यालय भवन निर्माण तथा मर्मत, पर्यटन स्थलहरुको मर्मत तथा प्रवर्द्धन जस्ता योजनाहरु सञ्चालन गरेको जसले पहुंच वृद्धि गरेको पाईयो । जिल्ला विकास समितिले सञ्चालन गरेका कुल योजना मध्ये जिल्ला विकास समितिले सञ्चालन गरेका कुल योजना मध्ये ३२.४० प्रतिसत सडक, १४.८ प्रतिसत जनसहभागितामा आधारित कार्यक्रम, आय आर्जनमा १४.० प्रतिसत खानेपानीमा ९.६ प्रतिसत योजनाहरु थिए । कुल सञ्चालित योजनाहरु मध्ये ८९.२ प्रतिसत योजना उपभोक्ता समिति र वाकि १०.८ प्रतिसत योजनाहरु ठेकेदार मार्फत सञ्चालन भएको पाईयो । यसरी हेर्दा विकास योजनाहरुले स्थानीय स्तरमा रोजगारी श्रृजना भएको पाईन्छ ।

जिल्ला विकास समितिको योजनाहरुको संख्या गत आवको तुलनामा यस आवमा घटेको पाईयो । प्राप्त सुचना अनुसार जिविसले साना योजनाहरुको संख्या कम गरेको र प्राप्त वजेटको आधारमा मात्र योजना स्वीकृत गरेको थियो भने केही साना योजनाहरु गाविसलाई संचालन गर्ने जिम्वेवारी दिईएको थियो । यसले गर्दा जिजिसका क्रमागत योजनाहरुको संख्या घटाउन सजिलो भएको छ ।

पुर्वाधार विकासवाट प्राप्त अवसरहरुलाई उपयोग गरि जिल्लामा सामाजिक विकास मार्फत रोजगारीका अवसरहरु श्रृजना गर्ने थुप्रै कार्यक्रमहरु सञ्चालनमा आएको पाईयो । रोजगार प्रर्वधनको लागी खास गरेर कृषि, पशु तथा गैर कृषि व्यवसायहरु सञ्चालन भएको पाईयो । जिल्ला विकास समिति, गाउं विकास समिति तथा विषगत कार्यालयहरुको सयुक्त प्रयासमा कृषि क्षेत्रमा ३१५, पशुपालन र सम्वन्धित व्यवसायमा २१३ तथा अन्य गैर कृषि क्षेत्रमा ९८० रोजगारी श्रृजना भएको देखिन्छ ।

## ३) विकासमा समान सहभागीताको क्षेत्र

जिल्ला विकास समितिले विकासमा सवै वर्ग, क्षेत्र, लिङ्गका नागरीकहरुको सहभागीतालाई सुनिश्चत गरेको छ । खास गरेर उपभोक्ता समितिहरुको गठन, त्यसमा रहने पदाधिकारीहरुको चयन तथा लाभान्वितहरुको छनौट आदी कमाहरुमा नेपाल सरकारले अवलम्बन गरेको नीति नियमहरुलाई

परिपालना गरेको देखिन्छ । सबै उपभोक्ता समितिहरुमा ३३ प्रतिसत महिला तथा केही प्रतिसत पछाडी परेका वर्गहरुका नागरीकहरुको संलग्नता पाईयो । खास गरि दलित, जनजाती तथा विपन्न वर्गका नागरिकहरुलाई विकासमा सहभागी गराउन प्रयास गरेको पाईयो ।

नेपाल सरकारका विषयगत कार्यालयहरुले पनि तालुक मन्त्रालयहरुवाट प्राप्त निर्देशन तथा नीति नियमहरुको परिपालना गरि कार्यक्रमहरु सञ्चालन गरेको पाईयो । खास गरी जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, वन कार्यालय, शिक्षा कार्यालय, महिला वालवालिका कार्यालय, जास्वास्थ्य कार्यालयहरुले गरीवी अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई सम्वोधन गरी तथ्याङ्क राख्ने गरेको पाईयो । ती तथ्याङ्कहरुलाई हेर्दा विकाको कामहरुमा महिला, दलित, जनजाती तथा विपन्न वर्गका नागरीकहरुलाई वढी प्राथमीकता दिई उनीहरुको सहभागीतालाई सुनिश्चित गरेको पाईयो ।

जिल्लामा काम गर्ने विभिन्न गेर सरकारी संस्थाहरुले पनि नेपाल सरको प्राथमीकतालाई ध्यानमा रखि कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाईयो । उनीहरुले राखेको तथ्याङ्कलार्य आधार मान्दा पनि महिला तथा पछाडी परेका वर्गहरुको सलग्नता वढेको पाईयो ।

## ४) सेवाहरुमा पहुंचको क्षेत्र

यस जिल्लामा हाल सरकारी स्तरमा जिल्ला अस्पताल १, प्राथमीक स्वास्थ्य केन्द्र ८, स्वास्थ्य चौकी १५ र उपस्वास्थ्य चौकी ४३ रहेकाछन् । हरेक गाविसमा कम्तिमा १ यस्ता स्वास्थ्य संस्थाहरु रहेकाछन् । यसरि हेर्दा आम नागरिकहरुलाई आफ्नै घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ । यसका वावजुध आर्थिक वर्ष २०६८/६९ मा कुल ७०,२,१०० जनाले ओपिडि सेवा लिएकोमा गत आव २०६९/७० मा यो सेवा लिनेहरुको संख्या वढेर ८,११,१३६ पुगेको छ । त्यसै गरि स्थाई परिवार नियोजनको सेवा लिनेहरु ९२५ वाट वढेर १११३ पुगेको छ भने अस्थाई परिवार नियोजनको साभन प्रयोग गर्ने महिला तथा पुरुषहरुको संख्या ११३२७८ पुगेको छ जुन अघिल्ले आवमा ११४३०४ थियो ।

काडमाण्डौ जिल्लामा जम्मा दश जोड दुई सम्मका १३५५ शैक्षिक संस्थाहरुमा रहेकाछन । जसमा ३३१ बालविकास केन्द्र, २७३ प्राथमीक विद्यालय, १६४ निम्न माध्यामिक विद्यालय, ७६४ माध्यामिक विद्यालय र १५६ उच्च माध्यामीक विद्यालयहरु रहेकाछन । हरेक गाविस र नगरपालिकाका वार्डहरुमा विद्यालयहरु रहेकाछन र पढ्न चाहने सबै बालवालिकाहरुको लागी विद्यालय आधा घण्टाको दुरीमा रहेको पाईन्छ ।

जिल्लामा जम्मा छ वटा कृषि सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले शालाखाला ९ वटा गाविसका नागरिकहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र कृषि सेवा केन्द्र सम्म पुग्न नागरिकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा २ घण्टामा सेवा लिन सक्ने अवश्था देखिन्छ । जिल्लामा जम्मा १० वटा पशु सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले औषत ५.५ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र पशु सेवा केन्द्र सम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन

प्रयोग गरेर वढीमा १.५ घण्टामा सेवा लिन सक्ने अवश्था देखिन्छ । यसलाई हेर्दा कृषि तथा पशु सेवा अझ वढाउनुपर्ने देखिन्छ ।

जिल्लामा सञ्चालित विकासका कार्यक्रमहरुवाट जिल्लामा सामाजिक तथा आर्थिक क्षेत्रमा उल्लेखनिय सुभार आएको छ । पुर्वाधार विकास खासगरि सडक विस्तार र मर्मतले सेवा र वस्तुको पहुंच आम नागरिकहरुमा पुगेको छ । सिंचाईको कारण कृषि उत्पादन वढेकोछ । विद्यालय जाने विद्यार्थीहरुको दर र कक्षा पास होदर वढेकोछ । टोलटोलमा विद्यालयहरु रहेको छ । त्यस्तै स्वास्य सेवामा पनि पहुंच वढेको छ। दक्ष स्वास्थ्यकर्मीवाट सुत्केरी गराउने, गर्भवती जांच गर्ने, स्वास्थ्य सेवा लिन जाने प्रवृत्ति वढेकोछ । कसषि तथा गैर कृषि क्षेत्रमा रोजगारि श्रृजना भई आम नागरिकको आम्दानी वढेको छ। खनेपानीको सुविधा पुगेपछि खानेपानी लिन जाने समय वचत भएको र सो समय आय आर्जको काममा उपयोग गरि आम्दानीको स्रोत वढेको छ । वढेको आम्दानी शिक्षा, स्वास्थ्य आदी क्षेत्रमा खर्च गर्ने गरिएको छ ।

### ४) सुझावहरु

- गर्भवती तथा सुत्केरी महिलाहरुको लागी सेवा विस्तारका लागि हरेक गाविसहरुमा कम्तिामा १ सुत्केरी गराउन योग्य सुभिदा सम्पन्न स्वास्थ्य संस्थाको व्यवस्था गर्नुपर्दछ ।
- कृषकहरुलाई गुणस्तरीय सेवा सरल तरिकाले उपलब्ध गराउन हरेक गाविसमा सुविधा सम्पन्न १, १ कृषि र पशु सेवा केन्द्र स्थापना गर्ने र प्राविधिकहरुलाई नयां प्रविधिवाट पोषित गर्ने कार्य अगाडी वढाउन सिफरिस गरिन्छ ।
- रुपाान्तरणीय सामाजिक परिचालनलाई अझ प्रभावकारी वनाउन वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका लागी थप स्रोत जुटाई सदश्यहरुलाई पनि वढि कृयाशील वनाउन उनीहरुको क्षमता विकास गर्न सिफारिस गरिन्छ ।
- विकास र यसका सुचकहरुको व्याख्या गरि तदअनुरुप तथ्याङ्क अद्यावधि गर्ने परिपाटी वसाउनु जरुरी छ । यसका लागी स्थानीय निकाय लगायत विषयगत कार्यालयहरु तथा अन्य गैर सरकारी निकायहरुले तथ्याङ्क अद्यावधि गर्दा डिपिमास प्रणाली अवलम्वन गरि तथ्याङ्कमा एकरुपता ल्याउन सिफारिस गरिन्छ ।
- गाविसहरुले तथ्याङ्क संकलन गर्दा पनि डिपिमासको फ्रेमवर्कसंग मेल खाने गरी गर्नुपर्ने देखिन्छ । यसले गर्दा स्थानीय निकायहरुले गरेका सवै क्रियाकलापहरु समेटिने र गरेको लगानीलाई पुष्टिगर्न पनि सजिलो हुन्छ । खास गरी तथ्याङ्कहरु लाभान्वित वर्ग, सेवाग्रहीहरु, जात जाती, सामाजिक वर्ग, आर्थिक वर्ग, लिङ्ग आदी, भुगोल जस्ता विषय र तत् सम्वन्धी सुचकहरु तयार गरी लागुगर्न अपरिहार्य छ ।

# अध्ययायः १ भुमीका

## *१.१ परिचय : काठमाण्डौ जिल्ला र जिल्ला विकास समिति काठमाण्डौ*

मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत रहेको यो जिल्ला नेपालको राजधानी हो जहां १ महानगरपालिका, १ नगरपालिका र ५७ गाविस छन । निर्वाचन क्षेत्र १०, ईलाकाको संख्या १५ भएको यो जिल्ला क्षेत्रफलको दृष्टिले ७३ रौ र जनसंख्याको दृष्टिले सवै भन्दा ठूलो जिल्ला हो । यस जिल्लामा जम्मा घरधुरी संख्या ४३६३४४, कुल जनसंख्या १७४४२४० रहेकोमा ८३१२३९ महिला र ९१३००१ पुरुष रहेकाछन् । साक्षरता प्रतिसत ८६.३, औषत परिवार संख्या ४, जनसंख्या वृद्धिदर ४.९ र जनघनत्व ४४१६ प्रति वर्ग किलोमिटर रहेकोछ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले स्थानीय निकायहरुलाई स्थानीय सरकारको रुपमा विकास गर्न खोजेकोछ । यस ऐन र नियमावलीले गाउंमा गाउं विकास समिति र जिल्लामा जिल्ला विकास समितिलाई आ आफ्नो अधिकार र कर्तव्य वाडफाड गरि विकासको काममा आम नागरिक को संलग्नता सुनिश्चित गर्ने, पारदर्शिता कायम गर्ने र उनीहरुलाई वढि जिम्वेवार वनाउने मार्गचित्र तय गरेको छ । यसका लागी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले विभिन्न नीति, कार्यविधि, दिग्दर्शन तथा मार्ग निर्देशनहरु तयार गरि स्थानीय निकायको कामलाई सरलीकृत गर्दै आएको छ । जस अन्तर्गत जिल्ला विकास समितिले एक वर्षभरी गरेका कामहरुको सामाजिक परीक्षण गर्नु पनि जिविसको कर्तव्य हुन्छ ।

## *१.२. सामाजिक परिक्षणको औचित्य*

नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६८/१/१२ को निर्णयानुसार स्वीकृत स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७ मा उल्लेख भए वमोजिम स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ तर्जुमा गरि कार्यान्वयन भई आएको छ ।

उक्त कार्यविधिको उदेश्यमा खास गरेर स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु रहेकोछ । त्यसै गरि सामाजिक परीक्षणको व्यवस्था स्थानीय निकायले अनिवार्य रूपमा लागू गर्नका लागि परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न सहयोग पुऱ्याउनु पनि हो ।

स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र

सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकको लाई आधारमानी लेखाजोखा गर्नु पर्ने व्यवस्था छ । सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ । तर कुनै कार्यक्रम / आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

त्यसै गरि गैसस तथा अन्य सार्वजनिक संस्थाहरूले पनि समाजिक परीक्षण गर्दा यसै विधिको प्रयोग गर्न सक्नेछन् र सो गर्न गराउन स्थानीय निकायहरूले समन्वय र सहयोग गर्नु पर्नेछ । त्यसैले यो अध्ययन गर्न जिविस काडमाण्डौले नेपाल वातावरण संरक्षण केन्द्रलाई परामर्शदाता तोकि यो अध्ययन गरिएको छ ।

### *१.३. सामाजिक परिक्षणको उदेश्य*

- काठमाण्डौ जिविसले गत आव २०६९/७० मा गरेका कामहरु कत्तिको पारदर्शि ढंगले सञ्चालन भए त्यसको लेखाजोखा गर्ने ।
- काठमाण्डौ जिविसले गत आव २०६९/७० मा के के काम गऱ्यो र त्यसवाट सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पाऱ्यो त्यसको अध्ययन गर्ने ।
- सामाजिक परीक्षण जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले कसरी अभ्यास गरेकाछन भन्ने कुराको लेखाजोखा गर्ने ।
- अध्ययनको आधारमा आगामी दिनहरुमा कसरी सम्पादन गरिने कामलाई अगाडी वढाउनु पर्छ भन्ने सिफारिस गर्ने ।

### *१.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र*

यस अध्ययनको लागी निम्न विषयगत क्षेत्रहरुलाई आधार मानिएको थियो ।

१.४.१ बालबालिका, महिला तथा समावेशी क्षेत्र ।
१.४.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र ।
१.४.३ सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई) मा समान सहभागीताको क्षेत्र ।
१.४.४ सेवाहरुमा पहुंचको क्षेत्र ।

# अध्ययाय: २ अध्ययन विधि र प्रकृया

नेपाल वातावरण संरक्षण केन्द्रले निम्न विधिहरू प्रयोग गरी अनुसन्धानात्मक ढंगले समाजिक परीक्षण गरेको थियो ।

### *२.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा*

सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना ( विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गरिएको थियो । यो अध्ययन प्रतिवेदन तयार गर्दा यी सुचनाहरुको समिक्षा र विश्लेषण गरिएकोछ ।

### *२.२ जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल*

यस अध्ययनको क्रममा, परामर्शदाले जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल गरि अध्ययनको वारेमा थप जानकारी लिएको थियो । यसले परामर्शदातालाई विषयको गाम्भिर्यता र आवश्यको गहिराईमा पुग्न सजिलो भएको थियो ।

### *२.३ अन्तवार्ताको लागी प्रश्नावलीको तयारी*

सामाजिक परीक्षणको लागी तयार गरेको कार्य निर्देश शर्तको आधार, विभिन्न सन्दर्भ सामग्रीहरुको अध्ययन तथा जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरुको छलफलको आधार तथा विभिन्न वेव साईटहरुको अध्ययन गरेपछि अध्ययनका लागी विभिन्न सरोकारवालाहरुको लागी भिन्न भिन्न प्रश्नावली तयार गरिएको थियो । सुचना संकलन गर्नु भन्दा पहिले प्रश्नावली जिल्ला विकास समितिका सम्वन्धित अधिकारीहरुको प्रत्यक्ष समन्वयमा तयार गरि स्वीकृत गरिएको थियो ।

### *२.४ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल*

स्वीकृत भएको प्रश्नावलीको प्रयोग गरि काठमाण्डौ जिल्ला विकास समिति र विषयगत कार्यालयहरू लगायत सम्वन्धित गैर सरकारी संस्थाहरुका सम्वन्धित अधिकारीहरु संग सुचना संकलन गरिएको थियो । यसको लागि अन्तवार्ता, छलफल र अन्तकृया गरिएको थियो । खास गरि अन्तवर्ताले समेट्न नसकेका विषय वस्तुहरुलाई सम्बन्धित कर्मचारीहरू तथा लाभान्वित वर्गहरुको सानो समूह बनाई समूह छलफल समेत गरिएको थियो । यस क्रममा स्थलगत निरीक्षण र अवलोकन समेत गरिएको थियो । समुह छलफलमा खास गरेर कार्यक्रम सञ्चालनको प्रक्रिया, कार्यक्रमहरुका सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत बुँदागत रूपमा गहन अध्ययन गरिएको थियो यसका सन्दर्भमा सामाजिक परीक्षण कार्यविधिको अनुसूची २ र ३ लाई आधार मानिएको थियो ।

सूचनाहरु निम्न विषयवस्तु समेटि संकलन गरिएको थियो :

- बालबालिका, महिला तथा समावेशी क्षेत्र ।
- जनचेतना तथा गरिवी निवारण क्षेत्र ।
- सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई) मा समान सहभागीताको क्षेत्र ।
- सेवाहरुमा पहुंचको क्षेत्र ।

यसका अतिरिक्त निम्न विषयहरुलाई पनि सुचना संकलनमा समावेस गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय
- स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू
- गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने )
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- समस्याहरू
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

सामाजिक परीक्षण कार्यविधिमा उल्लेख भए वमोजमको आचार संहिता पालना गरी आफ्नो काम सम्पन्न गरिएको थियो । उल्लेखित आचार संहिताहरु जस्तै विषयवस्तुमा मात्र केन्द्रित रहने, तथ्यांक र सूचनालाई आधार मान्ने, निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने, सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगरि प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने, व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने, सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने, सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने, वोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने र आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने आदीको पालना गरिएको थियो ।

### *२.५ प्रतिवेदन प्रस्तुति तथा छलफल*

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कार्यान्वयन गर्नको लागी तयार गरेको सामाजिक परिक्षण कार्यविधिको अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरि सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमश: राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको थियो ।

- जिविसले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सुचकको आधारमा जिविसले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति स्थानीय निकायले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।

- जिविसको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता, वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता ।
- जिविसले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पूरा गर्न जिविसको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।

### *२.६ प्रारम्भिक प्रतिवेदन तयारी*

सन्दर्भ सामग्रीहरुको अध्ययन, जिल्ला विकास समितिका पदाधिकारीहरु संगको छलफल, अन्तवार्ता, समुह छलफल तथा सरोकारवालाहरुको सुझावहरु समेतलाई समेटेर प्रतिवेदन तयार गरिको छ । निम्न प्रतिवेदनहरु निम्न समय रेखामा पेस गरिएको थियो ।

### *२.७ अध्ययनको समय रेखा*

उल्लेखित सम्पुर्ण कामहरु ३० दिन भित्रमा सम्पन्न भएको थियो । यसका लागी निम्न तालिका अपनाईएको थियो ।

| क्रस | क्रियाकलाप | सम्पन्न गरेको मिति २०७० | कैफियत |
|---|---|---|---|
| १ | सन्दर्भ सामग्रीहरुको अध्ययन | भाद्र २६ देखि भाद्र २८सम्म | |
| २ | सुचना संकलन गर्ने चेकलिष्टको तयारी | आश्विन १ देखि ४ सम्म | |
| ३ | जिविस तथा अन्य सम्वन्धित सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधिहरु संग अन्तवार्ता र समुह छलफल । | आश्विन ५ देखि ११ सम्म | |
| ४ | सन्दर्भ सामग्रीहरुको अध्ययन, अन्तवार्ता र समुह छलफलवाट आएका सुचनाहरुको समायोजन र प्रारम्भिक प्रतिवेदन तयारी । | आश्विन १२ देखि ३१ सम्म | |
| ५ | तयार भएको प्रतिवेदन सम्पुर्ण सरोकारवालाहरु समक्ष प्रस्तुतीकरण । | कार्तिक २१ | |
| ६ | सरोकारवालाहरुले सुझाएका सुझाव तथा प्रतिक्रियाहरुलाई समेत सम्वोधन गरि अन्तिम प्रतिवेदनको तयारी । | कार्तिक २२ देखि २४ | |
| ७ | अन्तिम प्रतिवेदन जिविसमा पेस । | कार्तिक २५ | |

# अध्ययाय ३ अध्ययनको परिणाम र विश्लेषण

## *३.१ महिला, बालबालिका तथा समावेशी क्षेत्र*

**क) स्वास्थ्य**

उपलब्ध सुचनाको आधारमा काठमाण्डौ जिल्लामा कुल घरधुरी संख्याको ९४.१ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरि स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९०.९ प्रतिसत थियो । यस प्रकारको विकास खास गरेर थप सडक निर्माण तथा सडक मर्मत कार्यक्रम सञ्चालनवाट भएको पाईयो ।

पांच वर्ष मुनिका बालबालिकाहरुको प्रतिसत ६.४ प्रतिसत भएको देखिन्छ  जुन गत आवमा १० प्रतिसत थियो ।  खोप कार्यक्रममा जनचेतना अभिवृद्धि र राष्ट्रिय खोप अभियानको कारण खोपमा पहुच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) १०० प्रतिसत भएको पाईयो जुन गत आवमा १०२ प्रतिसत थियो । ४ पटक गर्ववती जाच गरिएको महिलाको प्रतिसत गत आवमा ५०.२ प्रतिसतवाट वढेर यस वर्ष यो घटेर ५६.३३ प्रतिसत भएको पाईयो ।

दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको प्रतिसत गत आवको ८०.१ प्रतिसत बाट वढेर ८२.५ पुगेको छ भने सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको प्रतिसत गत आवमा ५०.७ भएकोमा यो बढेर ६३.३ भएकोछ । यो स्तरको प्रगति हुनुमा खास गरेर जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्यकर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको सहभागित रहेको पाईयो । यसवारेमा थप नाकारीको लागी तालिका १ हेर्नुहोला ।

**तालिका: १ स्वास्थ्य क्षेत्रको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | ४४००५७० | ९३.९ | सडक निर्माण, सडक मर्मत | ४१०७८७ | ९४.१ |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | १७४०९८ | १० | परिवार नियोजनको साधनहरुको प्रयोगमा प्रचार, खोप कार्यक्रममा विस्तार, जनचेतना वृद्धि । | १११६०० | ६.४ |

| | | | | | |
|---|---|---|---|---|---|
| खोपमा (विसिजि) पहुच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) प्रतिसत | ७१०३१.९ | १०२ | वच्चा जन्माउने ठाउंमा नै खोपको व्यवस्था, खोप कार्यक्रममा जनचेतना अभिवृद्धि | ४१२९९ | १००.६ |
| ४ पटक गर्भवती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | २५०३५ | ५०.२ | जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि । | २१९४७ | ५६.३३ |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | २७८९०.० | ८०.१ | जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता वितरण । | ३२१४८ | ८२.५ |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | ० | ० | जनचेतना | ० | ० |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ४६९१४५ | ५०.७ | जनचेतना, सडक मर्मत, निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्कर्मीको व्यवस्था । | २७६३३२ | ६३.३ |

*स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ र वार्षिक प्रगति प्रतिवेदन २०६९/७०, जिविस काठमाण्डौ ।*

**ख) शिक्षा क्षेत्रको अवश्था :**

विभिन्न स्रोतहरुवाट संकलन गरिएको सुचनाको आधारमा पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर ४९.७ प्रतिसत पाईयो जुन गत आवमा ४८.३ प्रतिसत थियो । कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९५.९ वाट बढेर ९७.२ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउने दर (प्रतिसत) ७.४ वाट घटेर ६.३ पुगेको छ कक्षा उत्तिर्ण हुने दर ८७.३ प्रतिसतवाट वढेर ८९.९ प्रतिसत पुगेकोछ । प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिसत ९५.२ भएको र प्रति कक्षा कोठा विद्यार्थी संख्या २७.०६ पाईयो जुन गत आवमा २९.८ प्रति कक्षा थियो ।

राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, खानेपानी तथा चर्पीको सुविधा विस्तार, अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, थप कोठा निर्माण , सरकारी निकाय, स्थानीय निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्यको कारण यो प्रगति हासिल भएको पाईयो । विस्तृत जानकारीको लागि तालिका २ हेर्नुहोला ।

**तालिकाः २ शिक्षा क्षेत्रको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | ० | ० | | ० | ० |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ७५२१०.२ | ४८.३ | राट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, खानेपानी तथा चर्पीको सुविधा विस्तार, अभिभावक शिक्षा, निशुल्क पुस्तक वितरण, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था । | | ४९.७ |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | ० | ५.३ | | ० | ४.६ |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | ७८३४४ | ९५.९ | विद्यार्थि भर्ना अभियान | ४६२७८ | ९७.२ |
| प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउने दर (प्रतिसत) | ४८७४ | ७.४ | राट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, खानेपानी तथा चर्पीको सुविधा विस्तार, अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, थप कोठा निर्माण , स्थानीय निकाय संगको समन्वय र सहकार्य । | ६४७६ | ६.३ |
| कक्षा उत्तिर्ण हुने दर | १०७२४४ | ८७.३ | शिक्षकहरुलाई तालिम, अभिभाभक शिक्षा, कक्षा कोठामा भौतिक सुविधा विस्तार, पाठ्य सामग्रीको थप व्यवस्था, समयमा पुस्तक वितरण । | १२९०५४ | ८९.९ |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या (प्रतिसत) | २१२८.६२ | ९४.९ | शिक्षकहरुलाई तालिम, अभिभाभक शिक्षा । | २१०८ | ९५.२ |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | २९.८ | | थप कक्षा कोठा निर्माण, शिक्षक कोटा वढेको । | २७.०६ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ ।*

## ग) खानेपानी तथा सरसफाई

जिल्लामा खानेपानी तथा सरसफाईको क्षेत्रमा पनि प्रगति हुदै गएको देखिन्छ । आव २०६८/६९ मा ८१.१ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा गत आव २०६९/७० मा यो ८६.१६ भएको देखिन्छ । खास गरी सहरी क्षेत्रमा वढ्दो जनसंख्याको चाप र त्यसको आधारमा खानेपानीको

योजनाहरु सञ्चालन हुन नसक्दा महानगरपालिकामा भने खानेपानी पर्याप्त नभएको पाईयो सौचालय भएको परिवारको प्रतिशत  गत आव मा ९२.२ वाट वढेर यस आवमा ९७.४ प्रतिसत पुगेको छ र खानेपानी र चर्पीको सुविधा भएको प्राथमिक विद्यालयहरुको ८९ प्रतिसत भएको पाईयो जुन गत आवमा ८८ प्रतिसत थियो ।

चर्पीको क्षेत्रमा यस्तो विकास हुनुमा खुल्ला दिशा मुक्त क्षेत्र घोषणा अभियान, प्यान तथा पाईपहरुमा सामान अनुदान तथा सरकारी, गैर सरकारी तथा स्थानीय निकायहरु वीचको समन्वय, सहकार्य, आम नागरिकहरुको सम्लग्नता मुख्य कारण रहेकाछन् । यसको वारेमा विस्तृत जानकारीको लागी तालिका ३ हेर्नुहोला ।

**तालिकाः ३ खानेपानी तथा सरसफाई को अवश्या**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिसत | २१४४३८ | ८१.१ | नयां खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत, जनसहभागिता वढाउन सामाजिक परिचालन, स्थानीय निकाय, सरकारी निकाय र गेर स सरकारी निकाय विचको समन्वय र सहकार्य । | ३७६१२६ | ८६.१६ |
| सौचालय भएको परिवार संख्या वा प्रतिशत | २१५६१४ | ९१.१ | | ४२५१९३ | ९७.४ |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | १९९.७६ | ८८ | | २४३ | ८९ |
| सौचालय भएको प्राथमीक विद्यालय संख्या | १९९.७६ | ८८ | | २४९ | ९१.३ |
| सुधारिएको चुलो भएको परिवार संख्या | | ० | सुचना प्राप्त नभएको । | | ० |

*स्रोतः खानेपानी तथा ढलनिकास विभाग, क्षत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, काठमाण्डौ ।*

### *३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र*

जनचेतना तथा गरिवी निवारणको क्षेत्रमा यस काठमाण्डौ जिल्लामा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिको कुरा विभिन्न तहको सुचना संकलनवाट जानकारी भयो । यसलाई निम्न अनुसार विश्लेषण गरिएकोछ ।

#### ३.२.१ गरिवीको अवश्था

छैमले गाविस गरिवी मापनको आधारमा वर्ग ३, अन्य सवै गाविस, नगरपालिका तथा महानगरपालिका वर्ग २ अन्तर्गत भएको । विकास योजनाहरुवाट प्रत्यक्ष रुपमा समेटिएका नागरिकहरुको प्रतिसत ३५ तथा अप्रत्यक्ष रुपमा समावेस भएका नागरिकको प्रतिसत ६० भएको पाईयो ।

**३.२.२ सामाजिक परिचालन र जनचेतना**

जिल्लाका सवै गाविसहरुमा सामाजिक परिचालन कार्य सञ्चालनमा आएको पाईयो । यसका लागी कुल ११२८६ वडा नागरिक मञ्च र ५७ नागरिक सचेतना केन्द्र स्थापना भएका थिए । आव २०६८/६९ मा जम्मा ४३७ वडा नागरिक मञ्च र ४० नागरिक सचेतना केन्द्र स्थापना भएको थियो ।

प्राप्त तथ्याङ्क अनुसार वडा नागरिक मञ्चमा कुल ११२८६ सदश्य भएको र जस मध्ये ४२.० प्रतिसत पुरुष र ५८.० प्रतिसत महिला भएको पाईयो । यसरी हेर्दा महिलाको संख्या वढी रहेको देखिन्छ जुन नेपाल सरकारको नीतिसंग मेल खान जान्छ । साथै वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रलाई प्रभावकारी वनाउन र त्यसका सदश्यहरुको सक्रियता वढाउन कठीन प्रयास गर्नुपरेको र कतिपय अवस्थामा राजनैतिक दललाई प्रतिस्थापन गर्न यी अवयवहरु गठन भएको हो कि भन्ने शंका पनि व्यक्त भएको थियो । यद्यपी सामाजिक परिचालन राम्रो कार्यक्रम भएकोले यसका लागी थप स्रोत उपलब्ध हुन सके सामाजिक परिचालनवाट जागरुक भएका आम नागरिकहरुलाई वढी सक्रिय गराउन सजिलो हुने कुरा वताईएको थियो । विस्तृत जनाकारीको लागी तालिका ४ हेर्नुहोला ।

**तालिका: ४ सामाजिक परिचालनको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| जम्मा वडा नागरिक मञ्चको संख्या | ४३७ | | स्थानीय सेवा प्रदायक र सामाजिक परिचालकहरुले तोकिएको कामहरु समयमा नै सम्पन्न गरेको । जिविसले अनुगमनलाई प्रभावकारी वनाएको । | ११२८६ | |
| जम्मा नागरिक सचेतना केन्द्रको संख्या | ४० | | | १४२५ | |
| वडा नागरिक मञ्चका सदश्यहरुको संख्या | | | | | |
| महिला | ४८१० | ५२.१० | | ६५४६ | ५८.० |
| पुरुष | ४४२२ | ४७.९ | | ४७४० | ४२.० |
| जम्मा | ९२३२ | १०० | | | |

*स्रोत: वार्षिक प्रगति प्रतिवेदन आ २०६८/६९, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

यसै गरि स्थापना भएका ५७ नागरिक सचेतना केन्द्रमा कुल १४२५ नागरिक सदश्य भएकोमा २८.९ प्रतिसत पुरुष र ७१.१ प्रतिसत महिला भएको पाईयो । यसरी हेर्दा वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रमा पुरुषको तुलनामा महिलाको संख्या देखिने ढंगले नै वढी भएको देखिन्छ । विस्तृत जानकारीको लागी तालिका ५ हेर्नुहोला ।

**तालिकाः ५  नागरिक सचेतना केन्द्रका सदश्यहरुको संख्या**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | जिल्ला सामाजिक परिचालन समितिलाई सक्रिय पारेको, स्थानीय सेवा प्रदायकहरुलाई जिम्वेवार वानएको । स्थानीय सेवा प्रदायकको कामको अनुगमनलाई तिव्रता दिएको । | संख्या | प्रतिसत |
| महिला | ३१२ | २५.४१ | | १०१३ | ७१.१ |
| पुरुष | ९१६ | ७४.५९ | | ४१२ | २८.९ |
| जम्मा | १२२८ | १०० | | १४२५ | १००.०० |
| जम्मा सामाजिक परिचालकहरुको संख्या | ४७ | | | ५७ | |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०६८/६९, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं ।*

जिल्ला विकास समितिले गरीवसंग विशेश्वर कार्यक्रम मार्फत १४ गाविसमा सामाजिक परिचालन गरि १३७ समुह गठन भई ती समुहहरु सक्रिय रहदै आएकाछन । ती समुहमा जम्मा १६४६ सदश्यहरु आवद्ध भएकाछन र रु ७० लाख ९१ हजार वचत गरि १ करोड ४२ लाख ५ हजार २४९ लगानी भएको छ । यसवाट ५ सय भन्दा वढी महिलाहरु आफ्नो पेसा संचालन गरि स्वरोजगार वनेकाछन् । विस्तृत जनाकारीको लागी तालिका ६ हेर्नुहोला ।

***तालिकाः ६ सामाजिक परिचालन अन्तर्गत गरीव संग विशेश्वर कार्यक्रम***

| क्र.स | कार्यक्रम लागु भएका गाविसहरु | समुह संख्या | सदश्य संख्या | वचत रकम रु (हजारमा) | ऋण लगानी (रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | गागालफेदी | ११ | २४३ | ४६५.५ | २६१.९३ |
| २ | नाङ्लेभारे | ११ | २२२ | ४५५.०६ | ६०१.२ |
| ३ | नयांपाटी | १० | १७२ | ८३३.८० | ८८८.८ |
| ४ | जोरपटी | ९ | १९४ | २२९.१६ | २५६.६६४ |
| ५ | झोर महांकाल | १० | १४७ | ५८९.० | ९३९.५ |
| ६ | टोखा चण्डेश्वरी | ९ | १६२ | १२१.० | ८२.० |
| ७ | साङ्ला | १० | २०४ | ५०१.९५ | ४२३.० |
| ८ | काभ्रेस्थली | ८ | १३० | ६४७.४५ | ८९१.५ |
| ९ | जितपुरफेदी | १० | ९५ | ३५९.५ | ३६०.७०५ |
| १० | इचंगुनारायण | ९ | २३१ | ३८४.३९८ | ५११६.५९ |
| ११ | मच्छेगाउं | २२ | ५१८ | २२३२.४ | २२८.८ |
| १२ | भिमढुङ्गा | १० | ५६ | ४२४.६७४ | ३९०.० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | सेतीदेवी | ११ | २१७ | ९७८.२५ | १२०३.३ |
| १४ | चाल्नाखेल | ११ | ३१६ | १००१.०१ | १३०७.० |
| | जम्मा | १५१ | २९०७ | ९२२३.१६७ | १४२०५.२४९ |
| | गतसालको अवश्था | १३७ | १६४६ | ७०९१ | ८७८२ |
| | प्रगति प्रतिसत | १०.२२ | ७६.६१ | ३०.०७ | ६१.७५ |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०६९/७०, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

### ३.२.३ सामाजिक विकृति निर्मुल

जिल्ला विकास समितिको अगुवाईमा गाविसहरु, सामाजिक परिचालकहरु, महिला बालबालिका कार्यालय, बालकल्याण समिति, महिला सञ्जाल, बाल क्लव, दलित, जनजाती संघ तथा अन्य संघ संस्थाहरुले विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सामाजिक विकृति हटाउने काम गरिरहेको पाईयो । घरदैलो कार्यक्रम, प्लेकार्ड, जुलुस, तालिम, गोष्ठि कार्यक्रमहरु सञ्चालन गरी यसलाई सार्थक वनाउने प्रयास गरेको पाईयो । यसका लागी विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै दिवसहरु मनाउने महिला दिवस, बाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदी कार्यक्रमहरु गरिएको पाईयो ।

अध्ययनको क्रममा विभिन्न सरोकारवालहरु संगको छलफल तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा विगतमा समाजमा देखिएको भेदभाव, वहिष्कृतिकरण, छुवाछुत जस्ता मानववाद संग मेल नखाने विकृतिहरु कम हुदै गएको भन्ने पाईयो । यद्यपी केही गाउंघरमा भने यो प्रचलन अझै रहेको कुरा छलफलका क्रममा वताईएको थियो । सामाजमा बाल विवाह कम भएको भएतापनि प्रेम विवाहहको कारण कम उमेरमा विवाह हुने क्रम भने रहेको पाईयो । महिला वेचविखन भने आषातित रुपले घट्न नसकेको भन्ने कुरा छलफलका सहभागीहरुले वताएका थिए । गत आवमा ७६ जना चेलीहरुलाई उद्धार पछि सेवा दिएको, ५३ जनालाई पारीवारिक पुर्नरमिलन गरिएको थियो । त्यसै गरी मानव वेचविकखन तथा ओसारपसार नियन्त्रण उद्धार कोष खडा गरि रकम रु २४ हजार समेत सो कोषमा राखिएको थियो । विस्तृत जानकारीको लागी तालिका ७ हेनुहोला ।

**तालिका :७ सामाजिक विकृतिको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| बाल बिवाहको संख्या | ९ | | जनचेतना, सरकारी, गैर सरकारी निकाय तथा स्थानीय निकाय विचको समन्वय र सहकार्य | १५ | |
| छुवाछुत तथा सामाजिक भेदभाव | समुह छलफलवाट आएको निस्कर्ष अनुसार यस्तो भेदभाव ३० प्रतिसत भन्दा वढि नभएको भन्ने विवरण । | | | छुवाछुत तथा सामाजिक भेदभाव न्युन हुदै गएको । | |

*स्रोतः जिल्ला वाल कल्याण समिति, काठमाण्डौ ।*

**३.२.४ सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) को यथोचित सम्वोधन**

सामाजिक सुरक्षाको लागी जिल्लामा स्थानीय निकायहरुको साथै महिलाबालबालिका कार्यालय पनि सक्रिय रुपमा काम गर्दै गरेको पाईयो । यसका लागी स्थानीय निकायहरुले सामाजिक सुरक्षाको दायरामा पर्ने जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती जस्ता नागरीकहरुको तथ्याङ्क अद्यावधि गर्ने र सोको आधारमा योजना वनाई राज्यद्धारा प्राथमीकतामा राखेको सामाजिक सुरक्षा कार्यक्रमलाई यथोचित सम्वोधन गरेको पाईयो । प्राप्त सुचना अनुसार यस कार्यक्रमको दायरामा पर्ने सवै नागरीकहरुले यो सुविधा पाएको पाईयो । तुलनात्मक रुपले हेर्दा जेष्ठ नागरीक, एकल महिला तथा अपांगहरुको संख्या गत आवमा भन्दा यस आवमा बढेको पाईयो । यसको मुल कारणमा गाविसहरुले तथ्याङ्क संकलनमा प्राथमीकता दिएको पाईयो । विस्तृत जानकारीको लागी तालिका ८ हेर्नुहोला ।

**तालिकाः ८ सामाजिक सुरक्षाको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | जम्मा संख्या | समेटिएका संख्या | | जम्मा संख्या | समेटिएका संख्या |
| जेष्ठ नागरिक | ९८२४ | ९८२४ | गाविस तथा नगरपालिका र वार्ड तहमा जनचेतना कार्यक्रम सञ्चालन, घरधुरी सर्वेक्षण, राजनैतिक दल, सामाजिक कार्यकर्ता, गैसस तथा सामुदायिक संस्थाहरु संगको सहकार्यमा यथार्थ तथ्याङ्क संकलन । | १००२५ | १००२५ |
| एकलमहिला | ७२८३ | ७२८३ | | ९०८७ | ९०८७ |
| अपांग | ४२३ | ४२३ | | ५०४ | ५०४ |
| पिछडिएको क्षेत्र लोपुन्मुख जाती | ३२ | ३२ | | ० | ० |
| दलित बालबालिका | ७२२ | ७२२ | | ९९७ | ९९७ |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०६८/६९, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

**३.२.५ बाल श्रमको अवस्था**

बाल श्रमको अवश्थामा केहि कमी आउदै गरेको देखिएता पनि यस क्षेत्रमा अझै काम गर्नुपर्ने देखिन्छ । यो समश्या अझै राम्रो संग सम्वोधन हुन नसकेको पाईयो । बालश्रमको हकमा बालिकाको तुलनामा बालकहरु बढी भएको देखिन्छ । बाल श्रमीकहरु व्यक्तिगत घर, होटल, क्याटरिङ्ग, उद्योग कलकारखाना, व्यापारिक प्रतिष्ठानमा वढी भएको पाईयो । जिल्ला बाल कल्याण समितिबाट प्राप्त तथ्याङ्क अनुसार, जिल्लामा कुल ११४० बाल श्रमीक रहेका छन जुन गत आव २०६८/६९ मा १४२२० थियो जसमा वालक ५७.० प्रतिसत र बालिका ४३.०० प्रतिसत भएको पाईयो । समुह छलफलमा आएको निचोड अनुसार घरेलु श्रमरुकमा वढी बालिका र उद्योग, क्याटरीङ्ग जस्ता प्रतिष्ठानहरुमा बढी बालक भएको पाईयो । विस्तृत जानकारीको लागी तालिका ९ हेर्नुहोला ।

**तालिकाः ९ बाल श्रमको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| बालिका | ५७३२ | ४०.३१ | चेतना मुलक कार्यक्रमहरु, सामाजिक परिचालन, सडक नाटक, बाल गृह, बाल शिक्षा, डकुमेन्टि प्रदर्शन आदी । | ४९३२ | ४३.०० |
| बालक | ८४८८ | ५९.६९ | | ६५३८ | ५७.०० |
| जम्मा | १४२२० | १००.०० | | ११४७० | १०० |
| बाल क्लवहरूको संख्या | १३० | | | २०९ | |

*स्रोतः जिल्ला वाल कल्याण समिति, काठमाण्डौं ।*

## ३.२.६ गरिवी निवारणका प्रयासहरू

गरिवी निवारणका लागि जिल्लामा विभिन्न संघ संस्थाहरुले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको देखिन्छ । स्थानीय निकायहरुले पुर्वाधार विकासका कामहरुलाई वढी प्राथमीकता दिदै आएको पाईयो ।

### क) पुर्वाधार विकास

जिल्ला विकास समिति तथा गाउं विकास समितिहरुले पुर्वाधार विकास गरी आम नागरिकहरुलाई सेवा तथा वस्तुको पहुंच वढाउन सहयोग गरेको पाईयो । खास गरेर सडक निर्माण तथा मर्मत, खानेपानी, सिंचाई, विद्यालय भवन निर्माण तथा मर्मत, पर्यटन स्थलहरुको मर्मत तथा प्रवर्द्धन जस्ता योजनाहरु सञ्चालन गरेको जसले पहुंच वृद्धि गरेको पाईयो । जिल्ला विकास समितिले सञ्चालन गरेका कुल योजना मध्ये ३२.४० प्रतिसत सडक, १४.८ प्रतिसत जनसहभागितामा आधारित कार्यक्रम, आय आर्जनमा १४.० प्रतिसत खानेपानीमा ९.६ प्रतिसत योजनाहरु थिए । अन्य योजनाहरुमा सिंचाई, भवन, भवन, विद्युत विकास, पर्यटन विकास आदी भएको पाईयो । सामाजिक विकासमा खास गरेर समुह गठन, कृषि व्यवसाय तथा पशुपालन तालिम, कुरीलो खेती, च्याउ खेती, तरकारी खेती, मैन वत्ति, सिलाई कटाई तालिम तथा प्रसार सेवा उपलब्ध गराएको देखिन्छ । यसरी जिल्ला विकास समितिले पुर्वाधार तथा सामाजिक विकासलाई संग संगै लैजाने प्रयास गरेको देखिन्छ । विस्तृत जानकारीको लागी तालिका १० हेर्नुहोला ।

**तालिकाः १० पुर्वाधार विकास**

| विवरण | गत आव | | यस आव | |
|---|---|---|---|---|
| | जम्मा योजना | प्रतिसत | जम्मा योजना | प्रतिसत |
| सडक | १७० | ३९.७२ | ८१ | ३२.४० |
| पुल, कलभर्ट | ८ | १.८७ | - | ०.०० |
| ढल, नाली | ७ | १.६४ | - | ०.०० |
| खानेपानी | २६ | ६.०७ | २४ | ९.६० |
| सिंचाई | १६ | ३.७४ | १२ | ४.८० |
| भवन | ६२ | १४.४९ | ११ | ४.४० |
| धार्मीक, सास्कृतक सम्पदा संरक्षण | ३२ | ७.४८ | ० | ०.०० |
| पर्यटन विकास | ११ | २.५७ | १३ | ५.२० |
| पहिरो नियन्त्रण | ३ | ०.७ | ० | ०.०० |
| आय आर्जन (कृषि व्यवसाय र पशुपालन सम्वन्धी तालिम | ३२ | ७.४८ | ३५ | १४.०० |
| खेलकुद | १५ | ३.५ | ५ | २.०० |
| जनसहभागितामा आधारित कार्यक्रमहरु | – | - | ३७ | १४.८० |
| झोलुङ्गे पुल | – | - | ४ | १.६० |
| विद्युत विकास | – | - | १४ | ५.६० |
| विविध सामाजिक विकास (सामाजिक परिचालन, समुह गठन आदी) | ४६ | १०.७५ | १४ | ५.६० |
| कुल जम्मा | ४२८ | १०० | २५० | १००.०० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०६९/७०, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

योजना सञ्चालनको लागि जिल्ला विकास समितिले स्थानीय नागरिकहरुलाई वढि संलग्न गराउने गरेको पाईयो । जनसहभागितामा आधारित कार्यक्रमहरु, शिक्षा, खानेपानी, जस्ता आयोजनाहरु खास गरि उपभोक्ता समितिहरु र सडक उपभोक्ता समिति र ठेक्का तथा विद्युत, झोलुङ्गे पुल जस्ता योजनाहरु ठेक्कावाट गरेको पाईयो । यसरी हेर्दा उपभोक्ता समितिहरु मार्फत सञ्चालन हुने योजनाहरु नै वढी पाइएकोले नेपाल सरकारको नीतिलाई जिविसले अवलम्वन गरेको पाईयो । कुल सञ्चालित

योजनाहरु मध्ये ८९.२ प्रतिसत योजना उपभोक्ता समिति र वाकि १०.८ प्रतिसत योजनाहरु ठेकेदार मार्फत सञ्चालन भएको पाईयो । थप जानकारीको लागी तालिका ११ हेर्नुहोला ।

**तालिकाः ११ योजना सञ्चालनमा समुदायको संलग्नता**

| योजना सञ्चालन गर्ने निकाय | गत आव | | यस आव | |
|---|---|---|---|---|
| | योजना संख्या | प्रतिसत | योजना संख्या | प्रतिसत |
| जिल्ला विकास समिति (उपभोक्ता समिति मार्फत) | १८० | ४४.०१ | १५१ | ५२.६१ |
| ठेकेदार | ६ | १.४७ | ३१ | १०.८० |
| केन्द्रिय योजना | १८ | ४.४ | ० | ०.०० |
| एलजिसिडिपि | २ | ०.४९ | ० | ०.०० |
| जिविस आन्तरिक स्रोत | २ | ०.४९ | ० | ०.०० |
| मर्मत सम्भार कोष | १ | ०.२४ | ० | ०.०० |
| स्थानीय यातायात क्षेत्रगत | १ | ०.२४ | ० | ०.०० |
| गाविस मार्फत (उपभोक्ता समिति) | १७ | ४.१६ | १०५ | ३६.५९ |
| सांसद विकास कोष (उपभोक्ता समिति) | १८२ | ४४.५ | ० | ०.०० |
| जम्मा | ४०९ | १०० | २८७ | १००.०० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०६९/७०, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

जिल्ला विकास समितिको योजनाहरुको संख्या गत आवको तुलनामा यस आवमा घटेको पाईयो । प्राप्त सुचना अनुसार जिविसले साना योजनाहरुको संख्या कम गरेको र प्राप्त वजेटको आधारमा मात्र योजना स्वीकृत गरेको थियो भने केही साना योजनाहरु गाविसलाई संचालन गर्ने जिम्वेवारी दिईएको थियो । यसले गर्दा जिविसका क्रमागत योजनाहरुको संख्या घटाउन सजिलो भएको छ ।

## ख) सामाजिक विकास र रोजगारी प्रर्वधन

पुर्वाधार विकासवाट प्राप्त अवसरहरुलाई उपयोग गरि जिल्लामा सामाजिक विकास मार्फत रोजगारीका अवसरहरु श्रृजना गर्ने थुप्रै कार्यक्रमहरु सञ्चालनमा आएको पाईयो । रोजगार प्रर्वधनको लागी खास गरेर कृषि, पशु तथा गैर कृषि व्यवसायहरु सञ्चालन भएको पाईयो । जिल्ला विकास समिति, गाउं विकास समिति तथा विषगत कार्यालयहरुको सयुक्त प्रयासमा कृषि क्षेत्रमा ३१५, पशुपालन र सम्वन्धित व्यवसायमा २१३ तथा अन्य गैर कृषि क्षेत्रमा ९८० रोजगारी श्रृजना भएको देखिन्छ । यसवारे थप जानकारीको लागी तालिका १२ हेर्नुहोला ।

## तालिकाः १२ गरिवी निवारणका प्रयासहरू

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| जिल्ला विकास समितिको कार्यालय | जिविसले गरीव संग विशेश्वर कार्कम तथा जिल्ला कृषि, पशु, महिला, वालवालिका, घरेलु तथा साना उद्योग, तथा अन्य सरकारी तथा गैर सरकारी कार्यालयहरु संग समन्वय र सहकार्य गरी स्वरोजगार श्रृजना गर्न विभिन्न सीप विकास तथा आय आर्जनका तालिम, प्रसार सेवा, नगत तथा वस्तु अनुदान दिने व्यवस्था गरेको छ । त्यसै गरि वचत परिचालन गरी समुह विस्तार तथा सुदृढीकरण कार्यलाई पनि निरन्तरता दिएको छ । पुर्वाधार विकासका कार्यक्रमहरु खास गरी सडक, सिंचाई, खानेपानी जस्ता कार्यक्रमहरुले पहुंच वृद्धि गरेको छ । खास गरी ग्रामीण कृषि कार्यकर्ता तालिम, प्लान्ट क्लिनिक, मौरीपालन, कुरिलो खेती, माटो शिविर, मौरीघार तथा गोला वितरण, कुलो निर्माण, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम आदी क्रियाकलापहरु स्वरोजगारी वढाउन सहायक वनेकाछन् । | गरीव संग विशेश्वर कार्यक्रम मार्फत १५१ समुह का २९०७ सदश्यहरुवाट रु ९ करोड २२ लाख २३ हजार १ सय सतसठ्ठी वचत गरि रु १ करोड ४२ लाख ५ हजार २ सय उनान्चास लगानी गरेको छ । १७ जना कृषक व्यवसायिक तरकारी खेती, ५ जना कुरीलो, १५ जना माहुरी, ७ जना पशु स्वास्थ्य र ३ जना मल वीउ विक्रि वितरणमा लागी जम्मा ६७५ कृषक स्वरोजगारी वनेको । यसवाट थप १००० जना अप्रत्यक्ष रुपले लाभान्वित भएको पाइयो । |
| जिल्ला कृषि विकास कार्यालय | यस कार्यालयले खास गरी कृषि उद्यमी विकासको लागी विभिन्न कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगारी विकास गर्न पहल गरेको पाईयो । खास गरी वेमौसमी तरकारी खेती, प्लास्टिक घरमा गोलभेडा खेती, मौरी स्रोत केन्द्र, जैविक खेती लगायत ग्रामीण कृषि कार्यकर्ता तालिम आदी वाट सीप विकास भएको र कृषि सामग्रीहरुको पहुंच वढेकोछ । साना सिंचाई, माटो जांच, घुम्ती सिविर, एग्रोभेट तालिम, केट वितरण, व्यवसायिक तरकारी खेती तालिम तथा | १५५ कृषक समुहमा ४९९४ कृषक सदश्य छन जसमा ६८.०४ प्रतिसत महिला र ३१.९६ प्रतिसत पुरुष रहेकाछन् । मौसमी तथा वेमौसमी तरकारी खेती गरि थप ५७ कृषक उद्यमी वनेको, फलफुलवाट ७२, मौरी पालनवाट २३, कुरीलोवाट १७ र जैविक खेतीवाट ४३ तथा पुष्प खेतीवाट ३०, च्याउवाट ६८ कृषकहरु थप आम्दानी गर्न |

| | | |
|---|---|---|
| | उद्यम विकास तालिमहरु कृषि उद्यम विकासका लागी सहायक वनेका छन् । | सफल भएको । यसरी थप ३१५ कृषक उद्यमी वनेका छन् । गठीत यी समुह तथा व्यक्तिगत कृषकहरु समेत गरि वागवानी तर्फ ७० हेक्टर प्रारङ्गीक तरकारी खेती र २७० हेक्टरमा तरकारी खेती भएको थियो वाह्रैमास तरकारी खेती गर्नको लागी ५६ वटा प्लाष्टिक घर वनेका र ७०० टन प्राङ्गारीक तरकारी उत्पादनवाट ३ करोड ६० लाख आम्दानी गरेको पाईन्छ । त्यसै गरी अन्य तरकारी २७५ हेक्टरवाट ताजा तरकारी ५०८८ टन वाट ७ करोड ६३ लाख आम्दानी भएको देखिन्छ । जिल्लामा ६३० घरधुरीले च्याउ खेती गरी ८०० टन च्याउवाट १३ करोड ७५ लाख आम्दाी गरेको पाईन्छ ।त्यसै गरी मौरी पालनवाट ३५ टन मह उत्पादन भई १ करोड ७५ लाखको कारोवार भएकोछ । |
| जिल्ला पशु सेवा कार्यालय | प्रशिक्षक प्रशिक्षण सीप विकास, चरन तथा पशु आहार व्यवस्थापन, कृत्रिम गर्भाधान, गर्भ परीक्षण, कुखुरा पालन, वंगुर पालन, पशु स्वास्थ्य तथा वाझोपन निकारण सीविर, घासको वीउ वितरण, पशु प्रजनन कोषको स्थापना, नश्ल सुधार आदी कार्यक्रमहरु सञ्चालन गरी पशु विकासमा सहयोग गरेको थियो । पशु पालन सम्वन्धमा प्राविधिक सेवा, मासु व्यवसाय तालिम, दुग्ध व्यवसाय तालिम, घासको वीउ वितरण, वाखा व्याड वितरण आदी कार्यक्रमहरु सफल भएका थिए । | पशु विकासको लागी कुल ६९ कृषक समुह गठन भएकाछन् र तीनका कुल १२२९ सदश्यहरु रहेकाछन् । उद्यमशीलतालाई हेर्ने हो भने जिल्लामा १५ वटा ह्याचरी, २४ वटा दाना उद्योग/पसल, ५७ वटा व्यवसायिक गाई भैसी फार्म, १९ वटा वाखा फार्म र २४ वटा वंगुर फार्म सञ्चालनमा छन् । जिल्लामा गत साल थप ६ वटा एग्रोभेट, २३, मासु पसल, ७ डेरी उद्योग, ३ गाई |

| | | |
|---|---|---|
| | | पालन वाट उद्यमी वनेकाछन । |
| घरेलु तथा साना उद्योग कार्यालय | अचार तालिम, अगरवत्ति लालिम, फेसन डिजाईन, व्युटि पार्लर, सिलाई कटाई, फुरन्दाना, क्युरियो सामान तयारी आदी तालिम, व्यवसायिक योजना, वजार व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो । | सीप विकास तालिमवाट जम्मा ७७ (अचार वनाउने २४ जना, अगरवत्ति वनाउने २० जना, फेव्रिक पेन्टिङ्ग १४ र वेकरी तालिम १९ जना) त्यसै गरि सहभागीतामा सञ्चालित तालिमहरुवाट जम्मा ११६ जना (फेसन डिजाईन २०, व्युटिपार्लर ५६, व्युटीपार्लस एडभान्स २३ जना) लाई तालिम दिएकोमा ४५ जनाले आफ्नो सीप प्रयोग गरि स्वरोजगार वनेको पाईन्छ । |
| महिला तथा वालवालिका कार्यालय | ४२ गाविसमा वचत परिचालन, २७ गाविसमा महिला सहकारी मार्फत आय आर्जन कार्यक्रम (च्याउ खेती, कुसन वनाउने, फुरुन्दाना वनाउने, तरकारी खेती, वाखा पालन, कुखुरा पालन, सिलाई वुनाई तालिम आदी सञ्चालन गरेको । | जम्मा २६ सहकारी संस्था वाट रु ९ करोड १७ हजार ८ सय पचहत्तर वचत भई ८ करोड ५८ लाख ३७ हजार ९१ लगानी गरि २७३ महिला व्यवसाय सञ्चालन गरेको । |
| जिल्ला भु संरक्षण कार्यालय | भुमी उत्पादकत्व संरक्षण, नर्सरी स्थापना, फलफुलको विरुवा वितरण, सिंचाई कुलो संरक्षण आदी । | फलफुल खेतीमा सहयोग पुगेको । |
| जिल्ला वन कार्यालय | कवुलियति वन, गैर काष्ठ वन पैदावर व्यवस्थापन उद्यम विकास कार्यक्रम, सामुदायिक वन व्यवस्थापन, विरुवा वितरण, नसंरी स्थापना, वृक्षारोपण आदी कार्यक्रम सञ्चालन गरेको । | कुल ३५.२८ हेक्टर कवुलियति वनवाट पर्या–पर्यटन विकासवाट १०० भन्दा वढी रोजगारी विस्तार भएको । साथै लप्सिको विरुवा वितरण गरी लप्सि वगान विस्तार भएको । |
| खानेपानी तथा ढल निकास विभाग क्षेत्रिय अनुगमन तथा सुपरीवेक्षण कार्यालय । | वतावरणीय सरसफाई प्रवर्द्धन गर्नको लागी ११९० गोटा प्यान र पाईप वितरण गरिएको । र ३७ वटा खानेपानी योजना सञ्चालन गरेको । | खेर गएको पानीको प्रयोगवाट तरकारी खेती गर्न लागिएको र केही नागरीकहरुले पानी संकलन गर्न लाग्ने समय वचत गरी वाखा पालन, तरकारी खेती गर्न थालेको तर एकिन तथ्याङ्क नभएको । |

| | | |
|---|---|---|
| मध्यमाञ्चलन सिंचाई विकास डिभिजन कार्यालय | विभिन्न सिंचाई योजना निर्माण तथा मर्मत । | |
| जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | नदी नियन्त्रण, नदी किनार संरक्षण कार्यक्रम । | |

*स्रोतः स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०६९/७०, जिल्ला विकास समितिको कार्यालय, र सम्वन्धित विषगत कार्यालयहरु, काठमाण्डौ ।*

यसका अलावा ११ स्थानीय सेवा प्रदायक मार्फत सवै ५७ गाविसहरुमा सामाजिक परिचालनको कार्य सञ्चालन गरि आम नागरिकहरुलाई सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रवाट उनीहरुलाई प्राप्त हुन सक्ने सेवा, सुविधाको वारेमा चेतना फैलाउने कार्य भई रहेको छ । त्यसै गरि जिल्लामा २० भन्दा वढि अन्तराष्ट्रिय तथा राष्ट्रिय गैससहरुले सामाजिक विकासको क्षेत्रमा काम गरेको देखिन्छ । यिनीहरुले खास गरि कृषि, पशु, वन, खानेपानी र सरसफाई, सिंचाई, स्वास्थ्य, शिक्षा र गैर कृषि रोजगारी प्रवर्धनको लागी काम गरेको देखिन्छ ।

## *३.३ विकासमा समान सहभागीताको क्षेत्र*

### ३.३.१ जिल्ला विकास समिति

जिल्ला विकास समितिले विकासमा सवै वर्ग, क्षेत्र, लिङ्गका नागरीकहरुको सहभागीतालाई सुनिश्चत गरेको छ । खास गरेर उपभोक्ता समितिहरुको गठन, त्यसमा रहने पदाधिकारीहरुको चयन तथा लाभान्वितहरुको छनौट आदी कार्यगर्दा नेपाल सरकारले अवलम्बन गरेको नीति नियमहरुलाई परिपालना गरेको देखिन्छ । सवै उपभोक्ता समितिहरुमा ३३ प्रतिसत महिला तथा केही प्रतिसत पछाडी परेका वर्गहरुका नागरीकहरुको संलग्नता पाईयो । खास गरि दलित, जनजाती तथा विपन्न वर्गका नागरिकहरुलाई विकासमा सहभागी गराउन प्रयास गरेको पाईयो ।

### ३.३.२ विषयगत कार्यालयहरु

नेपाल सरकारका विषयगत कार्यालयहरुले पनि तालुक मन्त्रालयहरुवाट प्राप्त निर्देशन तथा नीति नियमहरुको परिपालना गरि कार्यक्रमहरु सञ्चालन गरेको पाईयो । खास गरी जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, वन कार्यालय, शिक्षा कार्यालय, महिला वालवालिका कार्यालय, जास्वास्थ्य कार्यालयहरुले गरीवी अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई सम्वोधन गरी तथ्याङ्क राख्ने गरेको पाईयो । ती तथ्याङ्कहरुलाई हेर्दा विकाको कामहरुमा महिला, दलित, जनजाती तथा विपन्न वर्गका नागरीकहरुलाई वढी प्राथमीकता दिई उनीहरुको सहभागीतालाई सुनिश्चिात गरेको पाईयो ।

### ३.३.३ गैर सरकारी संस्थाहरु

जिल्लामा काम गर्ने विभिन्न गेर सरकारी संस्थाहरुले पनि नेपाल सरको प्राथमीकतालाई ध्यानमा राखि कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाईयो । उनीहरुले राखेको तथ्याङ्कलार्य आधार मान्दा पनि महिला तथा पछाडी परेका वर्गहरुको सलग्नता वढेको पाईयो । विस्तृत जानकारीको लागि तालिका १३ हेर्नुहोला

**तालिका १३ विकासमा सहभागी लाभान्वित वर्गहरुको विवरण**

| सेवा प्रदायक संस्था | | सेवा ग्राही | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | महिला | प्रतिसत | दलित | प्रतिसत | जनजाती | प्रतिसत | अन्य | प्रतिसत | जम्मा | प्रतिसत |
| जम्मा | १७४४२४० | ८३१३०५ | ४७.६६ | ६९७७० | ४ | ८७२१२० | ५० | ८०२३५० | ४६ | १७४४२४० | १००.०० |
| जिविस | १९५३८ | ७१९० | ०.४१२ | ९९७ | ०.०६ | ९४३७ | ०.५४ | ९१०४ | ०.५२ | १९५३८ | १.१२ |
| जिल्ला कृषि विकास कार्यालय | ९३५४ | ७०२० | ०.४०२ | ५०८ | ०.०३ | ४२१३ | ०.२४ | ४६३३ | ०.२७ | ९३५४ | ०.५४ |
| जिल्ला पशुसेवा कार्यालय | ८१०३ | ५८६१ | ०.३३६ | ८७५ | ०.०५ | २४८५ | ०.१४ | ४७४३ | ०.२७ | ८१०३ | ०.४६ |
| जिल्ला वन कार्यालय | १९८८७ | ८३५३ | ०.४७९ | ११९३ | ०.०७ | ९७४४.६ | ०.५६ | ८९४९.२ | ०.५१ | १९८८७ | १.१४ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ३३०३९७ | ८२५९९ | ४.७३६ | | ०.०० | | ०.०० | | ०.०० | ३३०३९७ | १८.९४ |
| महिला वालवालिका कार्यालय | ४३२१ | ४३२१ | ०.२४८ | | ०.०० | | ०.०० | | ०.०० | ० | ०.०० |
| जिल्ला शिक्षा कार्यालय | ३०७६२६ | १४७७६९ | ८.४७२ | | ०.०० | | ०.०० | | ०.०० | ० | ०.०० |
| जम्मा | ६७९६८८ | २५५९२३ | १४.६७ | २५७६ | ०.१५ | १६४४३ | ०.९४ | १८३२५ | १.०५ | ३८७२७९ | २२.२ |

### ३.४ सेवा सुविधामा पहुंचको क्षेत्र

#### ३.४.१ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवामा पहुंच

आर्थिक वर्ष २०६८/६९ मा कुल ७,०२,१०० नागरिकहरुले ओपिडि सेवा लिएकोमा गत आवमा ८,११,१३६ जनाले सो सेवा लिएको पाईयो । त्यसै गरि आव २०६८/६९ मा ६३० महिला र १,१४० पुरुषहरुले स्थाई परिवार नियोजन गरेकोमा गत आव २०६९/७० मा ४७५ र १०१३ क्रमस महिला तथा पुरुषले स्थाई परिवार नियोजन गरेको देखिन्छ । अस्थाई परिवार नियोजनको साधनको हकमा आव २०६८/६९ मा महिला र पुरुष जम्मा गरि १,१४,३०४ जनाले यो सेवा लिएकोमा गत आव २०६८/६९ मा यो वढेर १,१३,२७८ जना भएको पाईयो । परिवार नियोजनको साधनहरुको प्रयोगमा तात्विक फरक नदेखिनुमा प्रजनन उमेरका महिला तथा पुरुषहरु वैदेसिक रोजगारमा जानु र प्राकृतिक परिवार नियोजनको विधि अपनाउनु रहेको कुरा समुह छलफलका सहभागीहरुले वताएका थिए । विस्तृत जनाकारीको लागी तालिका १४ हेर्नुहोला ।

**तालिका: १४ स्वास्थ्य सेवामा पहुंच**

| विवरण | गत बर्षको अवस्था | उपलब्धि |
|---|---|---|
| | संख्या | संख्या |
| स्वास्थ्य सेवा लिनेहरुको संख्या (ओपिडि) | ७,०२,१०० | ८,११,१३६ |
| स्थाई परिवार नियोजन गर्ने महिलाको संख्या | ४४२ | ४७५ |
| स्थाई परिवार नियोजन गर्ने पुरुषको संख्या | ९२५ | १,०१३ |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने महिला तथा पुरुषहरुको संख्या | १,१४,३०४ | १,१३,२७८ |

*स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ ।*

### ३.४.२ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवाको उपलब्धता

काठमाण्डौ जिल्लामा हाल सरकारी स्तरमा जिल्ला अस्पताल १, प्राथमीक स्वास्थ्य केन्द्र ८, स्वास्थ्य चौकी १५ र उपस्वास्थ्य चौकी ४३ रहेकाछन् । हरेक गाविसमा कम्तिमा १ यस्ता स्वास्थ्य संस्थाहरु रहेकाछन् । यसरी हेर्दा आम नागरिकहरुलाई आफ्नै घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ । यस्ता संस्थाहरुलाई स्थानीय स्रोतको समेत परिचालन गरि थप स्वास्थ्यकर्मीहरुको व्यवस्था गरेको भन्ने कुरा समुह छलफलका सहभागीहरुले वताएका थिए । हालको अवश्थामा आम नागरिकहरुलाई कम्तिमा १ घण्टाको हिडाई वा यातायातको साधनको प्रयोग गरि स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ । विस्तृत जानकारीको लागि तालिका १५ हेर्नुहोला ।

**तालिकाः १५ जिल्लामा भएको स्वास्थ्य संस्थाहरुको विवरण**

| विवरण | गत बर्षको अवस्था | हालको अवश्था |
|---|---|---|
| | संख्या | संख्या |
| स्वास्थ्य चौकी | १५ | १५ |
| उप स्वास्थ्य चौकी | ४३ | ४३ |
| प्राथमीक स्वास्थ्य केन्द्र | ८ | ८ |
| जिल्ला अस्पताल | १ | १ |
| स्वास्थ्य सेवा लिन लाग्ने समय (सरदर) | १ घण्टा | १ घण्टा |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ ।*

जिल्ला विकास समितिको नेतृत्वमा एच.आई.भि र एड्सको क्षेत्रमा जिल्लामा विभिन्न संघ सस्थाहरुले काम गरिरहेको पाईयो । प्राप्त तथ्याङ्क अनुसार गत आव २०६८/६९ मा कुल संक्रमित १३३६ मा महिला संक्रमितको प्रतिसत ३२.७१ र पुरुष संक्रमितको प्रतिसत ६७.२९ भएको पाईयो । यो तथ्याङ्क आव २०६८/६९ संग मिल्न आउंछ । यसवाट के प्रष्ट हुन्छ भने एच.आई.भि र एड्सको क्षेत्रमा केहि प्रगति अवश्य भएको छ । विस्तृत जानकारीको लातगी तालिका १६ हेर्नुहोला ।

**तालिका : १६ एच.आई.भि र एड्स संक्रमितको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| महिला | ४४२ | ३२.३३ | जनचेतना, सडक नाटक, तालिम, गोष्ठि | ४३७ | ३२.७१ |
| पुरुष | ९२५ | ६७.६७ | | ८९९ | ६७.२९ |
| जम्मा | १३६७ | १०० | | १३३६ | |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ ।*

### ३.४.३ शिक्षा सेवाको वितरण र यसको पहुंच

काडमाण्डौ जिल्लामा जम्मा दश जोड दुई सम्मका १३५५ शैक्षिक संस्थाहरुमा रहेकाछन । जसमा ३३१ बालविकास केन्द्र, २७३ प्राथमीक विद्यालय, १६२ निम्न माध्यामिक विद्यालय, ७६४ माध्यामिक विद्यालय र १५६ उच्च माध्यामीक विद्यालयहरु रहेकाछन । यसरी हेर्दा विद्यालयहरुको संख्या आव २०६८/६९ मा भन्दा गत आव २०६९/७० मा कम भएको देखिन्छ तर बालविकास केन्द्रको संख्या भने केहि वढेको छ । हरेक गाविस र नगरपालिकाका वार्डहरुमा विद्यालयहरु रहेकाछन र पढ्न चाहने सवै बालवालिकाहरुको लागी विद्यालय आधा घण्टाको दुरीमा रहेको पाईन्छ । विस्तृत जानकारीको लागी तालिका १७ हेर्नुहोला ।

### तालिकाः १७ जिल्लामा भएको शिक्षण संस्थाहरुको वितरण

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मवि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ३२६ | ३२६ | ८७ | ८३ | ५३ | ५१ | ११३ | १११ | ४८ | ४८ | ३०१ | २९३ |
| संस्थागत | ० | ५ | १९० | १९० | १११ | १११ | ६५३ | ६५३ | १०८ | १०८ | १०६२ | १०६२ |
| जम्मा | ३२६ | ३३१ | २७७ | २७३ | १६४ | १६२ | ७६६ | ७६४ | १५६ | १५६ | १३६३ | १३५५ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ ।*

काडमाण्डौ जिल्लामा जम्मा दश जोड दुई सम्मका विद्यार्थि संख्या ३०,३३,३७० रहेकाछन् । जसमा ५०,५७४ बालविकास केन्द्र, १,४३,५५३ प्राथमीक विद्यालय, ८२,५६१ निम्न माध्यामिक विद्यालय, ५०,१६३ माध्यामिक विद्यालय र २७,०९३ उच्च माध्यामीक विद्यालयहरुमा रहेकाछन । प्राथमीक तहमा बालबालिकाको भर्नादर ९७.२ प्रतिसत रहेकोछ । विस्तृत जानकारीको लागी तालिका १७८हेर्नुहोला ।

### तालिकाः १८ शिक्षण संस्थामा अध्ययनरत विद्यार्थि संख्या

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ५४०८ | ७००० | ४३८७४ | ४१२८९ | २८०३३ | २७०३४ | १७५२६ | १६६१९ | ९४७४ | १०६१२ | ९८९०७ | ९५५५४ |
| संस्थागत | ४३५७४ | ४३५७४ | ११३९४८ | १०२२६४ | ५९४१६ | ५५५२७ | ३६३०२ | ३३५४४ | १०६१६ | १६४८१ | २२०२८२ | २०७८१६ |
| जम्मा | ४९१८२ | ५०५७४ | १५७८२२ | १४३५५३ | ८७४४९ | ८२५६१ | ५३८२८ | ५०१६३ | २००९० | २७०९३ | ३१९१८९ | ३०३३७० |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ ।*

शैक्षिक संस्था र विद्यार्थी संख्या हेर्दा प्रति विद्यालय २२४ विद्यार्थि सख्या पाईयो । बालविकास केन्द्रमा १५३, प्राथमीक विद्यालयमा ५२६, तथा निम्न माध्यामिक विद्यालयमा ५१० विद्यार्थि प्रति विद्यालय भएको देखिन्छ । यसरी हेर्दा प्रति मावि तहमा विद्यार्थि संख्या प्रति मावि १३ मात्र देखिन्छ भने प्ति उच्च मावि विद्यार्थि संख्या १७४ भएको पाईन्छ । विस्तृत जानकारीको लागी तालिका १९ हेर्नुहोला ।

## तालिकाः १९ विद्यालय र विद्यार्थी संख्या

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | ीनमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| जम्मा | ४९१८२ | ५०५७४ | १५७८२२ | १४३५५३ | ८७४४९ | ८२५६१ | ५३८२८ | १०१५३ | २००९० | २७०९३ | ३१९१८९ | ३०३३७० |
| विद्यालय संख्या | ३२६ | ३३१ | २७७ | २७३ | १६४ | १६२ | ७६६ | ७६४ | १५६ | १५६ | १३६३ | १३५५ |
| प्रति विद्यालय विद्यार्थि संख्या | १५१ | १५३ | ५७० | ५२६ | ५३३ | ५१० | ७० | १३ | १२९ | १७४ | २३४ | २२४ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ ।*

### ३.४.४ कृषि सेवा संस्थाहरुको वितरण सेवामा पहुंच

जिल्लामा जम्मा छ वटा कृषि सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले शालाखाला ९ वटा गाविसका नागरीकहरुलाई सेवा पुर्‍याउनु पर्ने देखिन्छ र कृषि सेवा केन्द्र सम्म पुग्न नागरिकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा २ घण्टामा सेवा लिन सक्ने अवश्था देखिन्छ । यसलाई हेर्दा कृषि सेवा केन्द्रहरुको सख्या वढाउन सके वा भएका सेवा केन्द्रहरुमा प्राविधिक कर्मचारी थप्न सके कृषि सेवा अझ प्रभावकारी हुने देखिन्छ । विस्तृत जानकारीको लागी तालिका २० हेर्नुहोला ।

## तालिका २० कृषि सेवामा पहुंच

| कृषि सेवा केन्द्रको नाम | सेवा पुर्‍याउने क्षेत्र (गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| ईन्द्रायणी | ईन्द्रायणी, गागलफेदी, भद्रवास, आलापोट, वज्रयोगीनी, पुखुछाली, सुन्टोल, लप्सिफेदी, नाग्लेभारे । | अधिकतम २ घण्टा | |
| जोरपाटी | जोरपाटी, गोठाटार, मुलपानी, गोकर्ण, कपन, चुनीखेल, बालुवा, नयांपाटी, सुन्दरीजल, डांछी । | अधिकतम २ घण्टा । | |
| धापासी | गोगोवु, टोखा चन्डेस्वरी, धापासी, टोखा सरोस्वती, वुढानिलकण्ठ, गल्फुटार महांकाल, खड्का भद्रकाली, चपली भद्रकाली, झोर महांकाल । | अधिकतम २ घण्टा | |

| | | | |
|---|---|---|---|
| बालाजु | ईचङ्गु, जितपुर, काभ्रेस्थली, धर्मस्थली, साड्ला, फुटुङ्ग, मनमैजु । | अधिकतम २ घण्टा | |
| कलंकी | भिमढुङ्गा, रामकोट, सिता पाईला, स्युचाटार, नैकाप पुरानो भञ्याङ्ग, दहचोक, वाण भञ्ज्याङ्ग, थानकोट, महादेवस्थान । | अधिकतम २ घण्टा | |
| दक्षिणकाली | कीर्तिपुर नगरपालिका, मत्सेगाउं, चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कुटुंडेचौर, छैमले । | अधिकतम २ घण्टा । | |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, काठमाण्डौ ।*

### ३.४.५ पशु सेवा संस्थाहरुको विरतरण र सेवामा पहुंच

जिल्लामा जम्मा १० वटा पशु सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले औषत ५.५ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र पशु सेवा केन्द्र सम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १.५ घण्टामा सेवा लिन सक्ने अवश्था देखिन्छ । यसलाई हेर्दा पशु सेवा तुलनात्मक रुपमा वढी उपलब्ध भएको देखिन्छ । यद्यपी कृषकहरुलाई अझ प्रभावकारी सेवा उपलब्ध गराउन प्राविधिकहरुको संख्या बढाउनुपर्ने । विस्तृत जानकारीको लागी तालिका २१ हेर्नुहोला ।

**तालिकाः २१ पशु सेवामा पहुंच**

| पशु सेवा केन्द्रको नाम | सेवा पुर्‍याउने क्षेत्र (गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| जहरसिंहचौवा | लप्सिफेदी, नाग्लेभारे | १ घण्टा | |
| ईन्द्रायणी | ईन्द्रायणी सांखु, गागलफेदी, भद्रवास, आलापोट, वज्रयोगीनी, पुखुछाली, सुन्टोल । | १.५ घण्टा | |
| नयांपाटी | मुलपानी, गोकर्ण, कपन, जोरपाटी, गोठाटार, बालुवा, नयांपाटी, सुन्दरीजल । | १ घण्टा | |
| खड्का भद्रकाली | खड्का भद्रकाली, चपली, चुनीखेल, महांकाल, डांछी । | १.५ घण्टा । | |
| टोखा सरोश्वती | टोखा चन्डेस्वरी, साड्ला, धापासी, गोगोवु, झोर महांकाल, टोखा । | १.५ घण्टा | |
| धर्मस्थली | धर्मस्थली, गोलढुङ्गा, जितपुर, काभ्रेस्थली, फुटुङ्ग । | १.५ घण्टा | |
| रामकोट | सीतापाईला, भिमढुङ्गा, रामकोट, ईचङ्गु, स्युचाटार । | १.५ घण्टा | |
| बलम्वु | वलम्वु, थानकोट, बाणभञ्ज्याङ्ग, दहचोक, महादेवस्थान, मतातिर्थ, सतुङ्गल, पुरानो नैकाप, नयां नैकाप तिनथाना । | १ घण्टा | |
| किर्तिपुर | कीर्तिपुर नगरपालिका, मत्सेगाउं, चाल्नाखेल | १ घण्टा | |
| दक्षिणकाली | सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कुटुंडेचौर, छैमले । | १.५ घण्टा | |

*स्रोतः जिल्ला पशुसेवा कार्यालय, काठमाण्डौ ।*

## ३.५ जिल्लामा विकाको लागी देखा परेका समश्याहरु र समाधानका उपायहरु

### *३.५.१ जिल्ला विकास कार्यक्रमका सवल, कमजोर पक्ष, अवसर र चुनौतीहरु*

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| स्थानीय निकाय, सरकारी विषयगत कार्यालय, गैर सरकारी संस्था तथा निजी संस्थाहरु विचको राम्रो समन्वय । | साना योजनाको संख्या वढी भई अनुगमन तथा मुल्याङ्कनमा वढी समय दिनु पर्ने । |
| जन सहभागीतामा आधारित भई उपभोक्ता समिति मार्फत योजना सञ्चालन गरिनु । | गरेका कामहरुको अभिलेखिकरण राम्रो नहुनु । अनुगमन तथा मुल्याङ्कन प्रणाली व्यवस्थित नगर्नु । |
| पुर्वाधार विकास तथा सामाजिक विकासलाई समायोजन गरि योजना तर्जुमा तथा कार्यान्वयन गरिनु । | सामाजिक परिचालनको काममा वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रको क्षमता वढाउन र सदश्यहरुलाई उत्प्रेरणा वढाउन नसक्नु |

*स्रोतः समुह छलफल, काठमाण्डौ ।*

| अवसर | चुनौती |
|---|---|
| सामाजिक परिचालन मार्फत आम नागरिकहरु चेतनशील हुनु र आफ्नो विकासको माग गर्न सक्षम हुनु । | स्थानीय निकायमा लामो समय देखि निर्वाचित जन प्रतिनिधि नहुनु । |
| स्रोत र साधन जुटाउन वलियो आधार (राजधानी भएको फाईदा लिन सकिने ) | राजनैतिक तरलता रहनु । |
| रोजगारी श्रृजना हुन सक्ने र उत्पादन हुन सक्ने सामग्रीहरुको वनार राम्रो भएको । | |

*स्रोतः समुह छलफल, काठमाण्डौ ।*

### *३.५.२ जिल्ला विकास समितिको मुख्य समश्याहरु र सामधानको प्रयासहरु*

| क्रस | मुख्य समश्यहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | आन्तरिक आय घट्दो रहेको । | संयुक्त रुपमा आन्तरिक आयमा वृद्धि गर्न सम्भावित क्षेत्रहरुको पहिचान गरी अध्ययन गरिएको । |
| २ | योजनाहरु समयमा नै कार्य सम्पन्न गर्न कठिनाई भएको । | यसका लागी पहल गरिएको । योजना अनुगमनलाई प्रभावकारी वनाउदै लगेको । |
| ३ | निर्माण व्यवसायिले लागत अनुमान भन्दा निकै न्युन रकम कवोल गरेको । | यसको लागी पहल गरिएको । तर नेपाल सरकारको आर्थिक प्रसासनिक नीतिमा सुधार नगरी यो समश्या समाधान हुन कठीन हुने । |
| ४ | एउटै कार्यक्रम विभिन्न निकायवाट हुने सहयोगलाई एकिकृत गर्न नसकिएको । | विकास साझेदारहरुको वैठक आयोजना गरी यो समश्या समाधान गर्न पहल गरिएको । |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन २०६९/७०*

**३.५.३ जिल्ला विकास समितिवाट सेवा प्रवाहलाई प्रभावकारी वनाउन चालिएका कदमहरुः**

- जिविसले कार्य तालिका तयार गरी सोही अनुसार कार्यक्रम संचालन गर्ने गरेको ।
- सार्वजनीक सुनुवाई कार्यक्रम ३ पटक सम्पन्न भएको ।
- सवै निर्माणधिन योजनाहरुको साईटमा सुचना पाटी राख्न अनिवार्य गरिएको ।
- गुणस्तर परीक्षणको ल्याव स्थापना तथा प्रयोग ।
- विस्तृत सर्वेक्षण र डिजाईनमानै hoarding board तथा गुणस्तर मापन प्रयोगशालाको प्रावधान राख्ने गरेको ।
- वार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याईएको ।
- जिल्ला विकास समितिवाट प्रकासित वार्षिक रणनीतिक जिल्ला विकास गुरुयोजनामा सम्पुर्ण गाविस, जिविस, विषयगत कार्यालय र गैर सरकारी संस्थाहरुको आव ०७०/७१ म सञ्चालन हुने योजना विवरण, योजना कन्टिन्जेनिका योजना समेत समावेस गरिएको ।
- Web Site को नियमिति अद्यावधि गर्ने गरिएको ।
- सडक, पुल तथा खानेपानी योजनाको विस्तृत सर्वेक्षण कार्यको शुरुवात गरिएको ।
- राजश्व शाखामा Computerized Billing System को व्यवस्था गरिएको
- काठमाण्डौ जिल्लाका ४० वटा गाविसहरुमा Vital Event Registration Software बाट घटना दर्ता गर्ने कार्य शुरु गरिएको ।
- योजना सञ्चालनमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।
- जिविसको कुल केन्द्रीय वेरुजुको ६२.३८ प्रतिसत फस्यौट गरिएको ।

## ३.६ प्रतिवेदन प्रस्तुतीकरणमा प्राप्त सुझावहरु :

| क्र.स | सुझाव | सुझाव पेस गर्ने व्यक्ति | प्रतिवेदनमा समावेस भए नभएको |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा अन्तर्गत गत आव २०६८/६९ को तथ्याङ्क ३ चौमासिकको जोड भएकोले फरक पर्न गएकोले सोहि अनुरुप सच्याउनु पर्ने । | प्रेमराज जोशी, स्थानीय विकास अधिकारी काठमाण्डौ । | सामाजिक सुरक्षा सम्वन्धी तथ्याङ्क भएको यस प्रतिवेदनको तालिक ८ मा सुझाव अनुसार सच्याईएको छ । |
| २ | घरेलु तथा साना उद्योग कार्यालयले सञ्चालन गरेको तालिमहरुको र उद्यम विकासको तथ्याङ्क नमिलेको । | श्री वसन्त भट्टराई, प्रतिनिधि अधिकृत घरेलु तथा साना उद्योग कार्यालय | सुझाव अनुसार घरेलु तथा साना उद्योग कार्यालय वाट थप सुचना लिई तालिका १२ मा सुधार गरिएको । |

| | | | |
|---|---|---|---|
| ३ | खनेपानी तथा सरसफाई सम्वन्धी आव २०६८/६९ को तथ्याङ्क फरक परेको । | श्री योगेन्द्र चित्रकार, ईन्जिनियर मध्यमाञ्चल खानेपानी तथा सरसफाई अनुगमन तथा सुपरिवेक्षण कार्यालय । | सुझाव अनुसार मध्यमाञ्चल खानेपानी तथा सरसफाई अनुगमन तथा सुपरिवेक्षण कार्यालय वाट थप सुचना लिई तालिका ३ मा सुधार गरिएको । |
| ४ | अपाङ्गता र बालश्रम सम्वन्धी सुचना कहांवाट लिईएको हो? एकिन गरी तथ्याङ्क राख्नुपर्ने । | महिला वालवालिका कार्यालय । | महिला वालवालिका कार्यालयवाट तथ्याङ्क लिई समावेस गरिएको । |

## ३.७ जिल्ला विकासका कार्यक्रमहरुवाट सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव

जिल्ला विकास समिति र अन्तर्गतका कार्यालयहरु मार्फत सञ्चालित कार्यक्रमहरुले सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा ठुलो योगदान पुर्‍याएको देखिन्छ । जसलाई निम्न अनुसार व्याख्या गरिएको छ ।

**क) शिक्षाः**

प्रारम्भिक बाल विकास कार्यक्रम, वैकल्पिक शिक्षा कार्यक्रम, समाहित शिक्षा सम्वन्धी कार्यक्रम, साक्षरोत्तर शिक्षा सम्वन्धी कार्यक्रम, निशुल्क पाठ्य पुस्तक, अनिवार्य आधारभुत शिक्षा कार्यक्रम, भौतिक सुविधा विस्तार कार्यक्रम, शिक्षकहरुको पेशागत विकास, अन्य सरोकारवालाहरु (विद्यालय व्यवस्थापन समिति, अभिभावक) क्षमता विकास, आईसिटि का कार्यक्रमहरु, विद्यालय प्रोत्साहन अनुदान, छात्रवृत्ति जस्ता कार्यक्रमहरु सञ्चालन गरी शिक्षा क्षेत्रको गुणत्मक सुधार गर्ने प्रयास गरिएको थियो । यी कार्यक्रमहरुको सफल कार्यान्वयनवाट शिक्षाको क्षेत्रमा केहि सुधार भएको भएतापनि अभिभावकहरुको निजी विद्यालयहरु प्रतिको मोहका कारण सरकारी विदालयहरुको संख्या कटौती गर्नुपर्ने अवश्था आयो । यद्यपी अभिभावकहरुले शिक्षाको महत्व बुझि आफ्ना छोराछोरीलाई विद्यालय पठाउने गरेकाछन् । शिक्षाको गुणस्तर वढाउनका लागी भएका प्रयासहरुकै कारण प्रति कक्षा कोठा गत आवमा २९ भएकोमा सो मा सुधार आई प्रति कक्षा कोठा २७ विद्यार्थी भएको छ । विद्यालय र अभिभावक विचको सम्वन्ध राम्रो भएको छ । जसले गर्दा कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९० वाट बढेर ९७.२ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा उत्तिर्ण हुने दर ८८ प्रतिसतवाट वढेर ८९.९ प्रतिसत पुगेकोछ ।

**ख) स्वस्थ्यः**

जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्कर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको चेतना वढेको कारण स्वास्थ्य क्षेत्रमा पनि केहि प्रगति भएको देखियो । पुरुषहरु तथा घरका अन्य सदश्यहरुमा आएको सकारात्मक सोचका कारण गर्भवती,

सुत्केरी तथा सुत्केरी पस्चात पनि उनीहरुको राम्रो ख्याल गर्ने गरेको पाईयो । विभिन्न निजी स्तरमा खुलेका स्वास्थ्य संस्थाहरु (क्लिनिक, नर्सिङहोम, औषधि पसल आदी) को कारण पनि आम नागरिकहरुमा स्वास्थ्य सेवाको पहुंच र अवसरहरु वढेको देखिन्छ । त्यसै गरि आम नागरीकहरुमा स्वास्थ्यको महत्व वुझ्नेक्रम पनि वढेकोले सेवा लिनेहरुको संख्या पनि वढेको छ । स्वस्थ्य नागरिकको संख्या वढ्नाले व्यक्ति तथा घरपरिवारको आम्दानीमा पनि प्रगति भएको देखिन्छ ।

कुल घरधुरी संख्याको ९४.१ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरि स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९३.९ प्रतिसत थियो । एक बर्ष मुनीका बालबालिकाको आधारमा खोपमा पहुच १००.६ प्रतिसत, ४ पटक गर्ववती जाच गरिएको महिलाको प्रतिसत गत आवमा ५६.३३ प्रतिसत, दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको प्रतिसत गत आवको ८०.१ प्रतिसत बाट वढेर ८२.५ पुगेको छ भने सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको प्रतिसत गत आवमा ५७.७ भएकोमा यो बढेर ६३.३ भएकोछ ।

## ग) खानेपानी र सरसफाई

गैर सरकारी तथा स्थानीय निकायहरु वीचको समन्वय, सहकार्य, आम नागरिकहरुको सम्लग्नता सुनिश्चत गरि खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत जस्ता कार्यक्रमवाट खानेपानी र सरसफाईको क्षेत्रमा पनि राम्रो पभाव परेको छ । आव २०६८/६९ मा ८१.१ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा गत आव २०६९/७० मा यो वढेर ८६.१६ प्रतिसत पुगेकोछ । सौचालय भएको परिवारको प्रतिशत ९१.१ वाट वढेर ९४.७ प्रतिसत पुगेको थियो भने खानेपानी र चर्पीको सुविधा भएको प्राथमिक विद्यालयहरुको ९१.३ प्रतिसत भएको पाईयो । खानेपानीको सुविधा भए पछि खानेपानी लिन जाने समयको वचत गरि आम नागरिकले आय आर्जनका कामहरु गरि आर्थिक सुधार गरेको र उनीहरुलाई यसले वालवालिकाको शिक्षा, स्वस्थ्यमा खर्च गर्न रकम उपलब्ध भएको पाईएको छ । साथै वालवालिकाको विद्यालयमा हाजिर हुने दिन वढेको, कक्षा चढ्ने दर वढेको छ भने सामाजिक काममा नागरिकहरुको संरग्नता पनि वढेको छ ।

## घ) सामाजिक विकृति विसंगति न्युनीकरण

समाजमा रहेको सामाजिक विकृति हटाउन जिल्लामा जिल्ला विकास समितिको अगुवाईमा विभिन्न निकायको प्रयास गरेको पाईयो । यसका लागी विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै दिवसहरु मनाउने महिला दिवस, वाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदी मनाएको पाईयो । यसवाट वालश्रमको मात्रामा कमी आएको, महिला हिंसामा कमी, यौनजन्य दुर्ववहारमा कमी आएको छ ।

## ङ) सामाजिक परिचालन

वडा नागरिक मञ्चका कुल ११,२८६ र नागरिक सचेतना केन्द्रका १,४२५ सदश्यहरु मार्फत जनचेतना फैलाउने कामहरु भए पछि आम नागरिकहरु आफ्ना अधिकार र कर्तब्यबारे जानकारी प्राप्त गरि सेवा लिने नागरिकहरुको संख्या वढेकोछ र मानव समसाधनको उचित उपयोगवाट समग्र उत्पादन र

उत्पादकत्व बढेको छ । नागकिहरुको सामाजिक विकास, विकासमा संलग्नतामा वृद्धि भई पारदर्शिता तथा जवाफदेहिता पनि वढेको छ । समुह छलफलवाट आएको सुचना अनुसार  वडा नागरिक मञ्च तथा नागरीक सचेतना केन्द्र वाट उठान भएका केहि योजनाहरु गाविस परिषदवाट पारित भएका छन् । यसले गर्दा वस्तिवाट आएका योजनाहरु गाविस कार्यक्रम र वजेटमा समावेस हुने र विकासमा आम नागरीकहरुको आवश्यकता सम्वोधन हुने अवसर मिलेको पाईएको छ ।

**च) गरिवी निवारण**

जिल्ला भित्र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले विकासका कामहरु गरेका तथा त्यसमा आम नागरीकहरुको संलग्नता वढेको कारण गरिवी निवारण कार्यमा पनि विकासका लक्षणहरु देखिएका छन् । खास गरी कृषि विकास त्यसमा पनि गोलभेडा तथा अन्य वेमौसमी तरकारी खेती, माहुरी पालन, च्याउ खेती, तथा प्राङ्गारीक खेतीमा भएको विकासको कारण कृषकहरुको आम्दानी वढेको छ । त्यसै गरि पशु स्वास्थ्य तथा वाझोपन निवारण सिविर, कुखुरापालन तालिम, घास खेतीमा विस्तार, कृत्रिम गर्भाधान कार्यक्रमहरु सञ्चालनवाट दुध, फुल, मासुको उत्पादन पनि सरदर ४ प्रतिसतले वढेको छ । पुर्वाधार विकासवाट उत्पन्न भएका अवसरहरुको प्रयोग गरी विभिन्न घरेलु उद्योगहरु सञ्चालनमा आएकाछन् । महिला सीप विकास कार्यक्रम, आय आर्जन कार्यक्रम, वचत ऋण कार्यक्रम आदीवाट वचत गर्ने वानी पनि वढेको र स्थानीय स्तरमा नै पुजी विकास भएको देखिन्छ जिल्ला विकास समिति, गाउं विकास समिति तथा विषगत कार्यालयहरुको सयुक्त प्रयासमा कृषि क्षेत्रमा थप २५७, पशुपालन र यो संग सम्वन्धित व्यवसायमा २७६ तथा अन्य गैर कृषि क्षेत्रमा ४३२ रोजगारी श्रृजना भएको देखिन्छ ।

# अध्ययाय ४ निश्कर्ष र सुझाव

## *४.१ निश्कर्ष*

काठमाण्डौ जिल्लामा जिल्ला विकास समितिको नेतृत्वमा गत आव २०६९/७० मा सामाजिक विकासको क्षेत्रमा केहि उपलब्धि भएको पाईयो । पुर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरीकहरुको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि वढाउन सफल भएको पाईन्छ । जिल्ला विकास समितिको नेतृत्वमा जिल्लामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय निकायहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरुको वीचमा समन्वय भई दोहोरोपनलाई न्युनीकरण गर्न सहयोग मिलेको देखिन्छ ।

जिल्ला विकास समिति र विषयगत कार्यालयका साथै अन्य विकासको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले आम नागरिकहरुको संलग्नतावाट मात्र दीगो विकास सम्भव छ भन्ने वोधका साथ अगाडी वढेको कारण धेरै योजनाहरु उपभोक्ता समितिहरु मार्फत सञ्चालन भएको पाईएको छ । यसले आम नागरिकहरुमा विकास र यसका संरचनाहरुको अपनत्व स्वीकार गर्ने बातावरण तयार भएको छ । नागरिकहरुलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका संरचनाहरु गाउं गाउंमा पुर्‍याएको र स्थानीय निकाय तथा आम नागरिकहरुले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने गरेको कुरा आफैमा प्रसम्सनिय भएको छ ।

रुपान्तरणीय सामाजिक परिचालनको माध्यमवाट आम नागरिकहरु आफ्नो हक, अधिकार र कर्तव्य प्रति चनाखो वन्दै गएको र प्राप्त सेवा र सुविधा लिने प्रकृयामा चेतना वढेको कारण सेवा लिनेहरुको संख्या वढेको पार्यएकोछ । आम नागरिकहरु खास गरि महिला, बालवालिका, दलित, जनजाती, आदीले कृषि, पशु, खानेपानी, सिचाई, वन, पारालिगल समुह आदी सवैको संलग्नतामा गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुमा आफ्नो उपस्थितिलाई स्थापित गर्न थालेको अनुभुति भएकोले आगामी दिनहरुमा आवश्यकतामा आधारित विकास योजनाहरु सञ्चालन हुने कुरामा विश्वस्त हुने आधारहरु देखिन्छन् ।

जिल्लामा खास गरि शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा प्रगति भएको र त्यसको माध्यमवाट रोजगारी श्रृजना गर्न, प्रर्वद्धन गर्न र विस्तार गर्न सहजिकरण भएको देखिन्छ । नागरिकहरु आज कृषि, पशुपालन, उद्योग सञ्चालन गरि स्वरोजगार वनेका छन भने कतिपयले अरुहरुलाई पनि रोजगारि प्रदान गरेकाछन् । पुर्वाधार विकास र समाजिक विकासलाई समन्वयात्मक ढंगले अगाडी वढाएकै कारण रोजगारीको साथमा स्थानीयहरुको आम्दानीको स्रोत पनि वढेकोछ ।

जिल्ला विकासका कार्यक्रमहरुवाट जिल्लामा सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार भएको देखिन्छ । सडक विस्तार, विद्युत, खानेपनी तथा सिंचाईको विकासवाट प्राप्त अवसरहरुकै कारण सेवा र वस्तुमा आम नागरिकको पहुंच वढेकोछ र सेवा र वस्तुको उचित प्रयोगले उत्पादकत्व वढ्ने संकेत देखिएको छ

। यहि क्रम अगाडी वढाउदै देखा परेका समश्यालाई पन्छाउने र अवसरहरुलाई उपयोग गर्दे जाने हो भने आम नागरिकको जीवनशैलीमा सहजता र जीविकोपार्जनलाई स्थापित गर्न मदत पुग्नेछ ।

### ४.२ सुझावहरु

स्थानीय निकायहरु स्थानीय सरकार हुन र तिनीहरुले गर्ने विकासका कृयाकलापहरु स्थानीय नागरिकहरुको आवश्यकता अनुसार हुनु पर्दछ भन्ने कुरा कसैले नकार्न सक्दैन । स्थानीय आम नागरिकलाई सेवा र सुविधाको उपलब्धता र पहुंच वढाउन सकेको खण्डमा उत्पादकत्व वढ्ने र त्यसवाट आम नागरिकको आम्दानी वढि समग्र आर्थिक उन्नती हासिल गर्न सहज हुने कुरालाई सवैले आत्मासाथ गर्नुपर्नेहुन्छ । सेवा सुविधाको सहज पहुंचले आम नागरिकहरुको क्षमता र दक्षतामा वृद्धि हुने र नयाँ नयाँ प्रविधि अवलम्वन गर्ने अवसरहरु मिल्छन । यसका लागी हरेक गाविसमा १, १ कृषि र पशु सेवा केन्द्र स्थापना गर्नु र नयां प्रविधिवाट पोषित प्राविधिकको खाचो महसुस गरि यसको लागी कार्य अगाडी वढाउन सिफरिस गरिन्छ ।

रुपान्तरणीय सामाजिक परिचालन आम नागरिकहरुको वुझाईमा भर पर्दछ । त्यसैले आम नागरिकहरु विकासमा समावेस हुनको लागी उनीहरु तयार रहनु अत्यन्त जरुरी छ । त्यो तयारी त्यसवेला हून्छ जव उनीहरुको आवश्यकतालाई सम्वोधन हुने आधारहरु तयार हुन्छन । यसको लागी आम नागरीकहरुलाई तयारी अवस्थामा पुर्‍याउन सामाजिक परिचालन कार्य सहायक सिद्ध हुन सक्छ । यसका लागी सामाजिक परिचालकले मात्र गर्ने कामहरु अपर्याप्त हुन सक्छ । त्यसैले वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदश्यहरुलाई पनि वढि कृयाशील वनाउनु जरुरी छ । यस प्रयोजनको लागी थप स्रोत जुटाउन सिफारिस गरिन्छ ।

भए गरेका कामहरुको अभिलेखिकरण गरेमा मात्र सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरुलाई सहि आकलन गर्न सकिन्छ । त्यसले भावि नीति र रणनीति वनाउन सहजता प्रदान गर्दछ । जिल्ला विकास समिति र विषयतग कार्यालयहरुले तथ्याङ्क र सुचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सुचकहरुलाई वढी परिष्कृत गर्न सकिन्छ । यसकालागि स्थानीय निकाय लगायत सवै विषयगत कार्यालयहरु तथा गैससहरुले डिपिमास अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तीव्रता दिन सिफारिस गरिन्छ ।

गाविसहरुले तथ्याङ्क संकलन गर्दा पनि डिपिमासको फ्रेमवर्कसंग मेल खाने गरी गर्नुपर्ने देखिन्छ । यसले गर्दा स्थानीय निकायहरुले गरेका सवै क्रियाकलापहरु समेटिने र गरेको लगानीलाई पुष्टिगर्न पनि सजिलो हुन्छ । खास गरी तथ्याङ्कहरु लाभान्वित वर्ग, सेवाग्रहीहरु, जात जाती, सामाजिक वर्ग, आर्थिक वर्ग, लिङ्ग आदी, भुगोल जस्ता विषय र तत् सम्वन्धी सुचकहरु तयार गरी लागुगर्न अपरिहार्य छ ।

## अनुसुचीहरु

## अनुसुचीः १ सुचना संकलनको लागी तयार गरिएको प्रश्नावली

## सुचना संकलन फारमको नमुना (स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ अनुसार

काडमाण्डौ जि.वि.स.

मिति :

१. स्थानीय निकायको परिचय (बुंदागत रूपमा लेख्ने)
२. स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने) :
३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू (बुंदागत रूपमा लेख्ने) :
४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने) :
५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **अ) महिला वालवालिका तथा समावेशी क्षेत्र** | | | |
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |

| | | | |
|---|---|---|---|
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | | |
| **खानेपानी र सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत<br>सौचालय भएको परिवार संख्या | | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| सौचालय भएको संख्या वा प्रतिशत | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **विविध** | | | |
| बाल बिवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | | | |
| | | | |
| **आ) जनचेतना तथा गरिवी निवारण** | | | |
| **गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिंशा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वातावरण सुधारका प्रयासहरू | | | |
| | | | |
| **ई) विकासमा समान सहभागिता सेवाहरूमा पहुँच** | | | |
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य सेवा लिनेहरुको संख्या | | | |
| एच.आई.भि र एड्स | | | |
| स्थाई परिवार नियोजन गर्ने महिलाको संख्या | | | |
| स्थाई परिवार नियोजन गर्ने पुरुषको संख्या | | | |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने महिला | | | |

| | | | |
|---|---|---|---|
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने पुरुषको संख्या | | | |
| | | | |
| **शिक्षा** | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षमा पहुच | | | |
| | | | |
| **सामाजिक विकास** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | | | |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | | | |
| संस्थागत क्षमता | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका प्रयासहरू | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

५. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

६. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने) :

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम ( यदि सस्था भएमा) :
मितिः

अनुसूची- ३
(बुदा १०.३ सँग सम्वन्धित)
................विषयगत कार्यालय/गैर सरकारी संस्था
जिल्ला/ न.पा./गा.वि.स. ..............
सामाजिक परीक्षकको प्रतिवेदन
( बृहत छलफलमा प्रस्तुत गरिने)

१. विषयगत कार्यालय/ गैर सरकारी संस्था को नाम :

२. लक्ष्य
क.
ख.
ग.
घ.

३. मूख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने) :
क.
ख.
ग.
घ

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :
क.
ख.
ग.
घ.

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम ( यदि सस्था भएमा) :
मितिः

अनुसूची-४
(बुदा ११ सँग सम्बन्धित)
सामाजिक परीक्षकले सम्बन्धित स्थानीय निकायका प्रमुख समक्ष
पेश गर्ने प्रतिवेदनको ढाँचा

श्री
जिल्ला विकास समिति........,....... नगरपालिका,.............. गा.वि.स

१. पृष्ठभूमि
२. सामाजिक परीक्षणको उद्देश्य
३. अध्ययन विधि
४. अध्ययनको सीमा
५. बृहत् छलफल कार्यक्रमको विवरण
क) मिति : ख) स्थान : ग) समय :
६. स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने ( अनुसूची २ र ३ )
७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु ( बुँदागत रुपमा लेख्ने)
८. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु ( बुँदागत रुपमा लेख्ने)
९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम (यदि सस्था भएमा) :
मितिः